# अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारिता अध्ययन






**बुझाएको संस्था :**
**महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।**





**बुझाउने संस्था :**
**भर्टेक्स कन्सल्ट प्रा.लि.**
**लाजिम्पाट–२, काठमाडौं**

## अध्ययन टोली

| | |
|---|---|
| तेजप्रसाद सिग्देल | टोली प्रमुख |
| सुमन खरेल | अनुसन्धानकर्ता |
| रुपा लुईटेल | अनुसन्धानकर्ता |

## प्राक्कथन

प्रस्तुत "**अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारीता अध्ययन**" प्रतिवेदन अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने संघ संस्थाहरु तथा सरोकारवालाहरुको सहयोगमा मात्र संम्भव भएको कुरा जगजाहेर छ । यस अध्ययन प्रतिवेदनले अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरण कार्य लाई प्रभावकारी रुपमा अगाडि बढाउन थप मद्दत गर्दछ भन्ने विश्वास गर्दछु । यस अध्ययनमा भाग लिनु हुने आदरणीय उत्तरदाताहरु प्रति आभार प्रकट गर्दछु ।

यस अध्ययन प्रतिवेदन तयार पार्ने मौका दिनु हुने महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं र यस मन्त्रालयका सचिव ङइन्द्र प्रसाद उपाध्यायज्यू तथा सहसचिव श्रीमती राधिका अर्याल ज्यूप्रति आभार प्रकट गर्दछु । यस अध्ययनको शुरुवातदेखि अन्त्यसम्म प्रत्यक्ष सल्लाह, सुझाव र निर्देशन दिनुहुने यस मन्त्रालयका निर्देशक श्री भरतराज शर्मा तथा अन्य कर्मचारी साथीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा यस अध्ययनलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गरी यो रुपमा पुऱ्याउन सहयोग गर्नु हुने सबै महानुभावहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

**तेजप्रसाद सिग्देल**
टोली प्रमुख
मिति २०७५/०३/२०

# सारसंक्षेप

प्रस्तुत अध्ययन “**अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारिता अध्ययन”** सम्बन्धित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारिता, कार्यदक्षता प्रक्रिया, दिगोपन आदिको लेखाजोखा गर्नु रहेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यहरु सहायक सामग्री उत्पादन र वितरण कार्यक्रमको प्रभावकारिता तथा कार्यदक्षता प्रक्रियाको लेखाजोखा गर्ने, उत्पादन तथा वितरण गरिएका सहायक सामग्रीहरुको गुणस्तर तथा अपाङ्गता भएका व्यक्तिहरुको पहूँचमा रहे नरहेको विश्लेषण गर्ने तथा सहायक सामग्री उत्पादन र वितरण कार्यलाई दिगो तथा थप प्रभावकारी बनाउन सुझावहरु पेस गर्ने रहेका छन् ।

यस अध्ययनमा गुणात्मक तथा संख्यात्मक प्रकृतिका तथ्याङ्कहरूको प्रयोग गरिएको र तथ्याङ्कहरूलाई व्याख्यात्मक एवं विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ । यो अध्ययनको अध्ययन क्षेत्र मोरङ्, काठमाडौं, कास्की, बाँके र कञ्चनपुर जिल्ला रहेको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतहरूबाट तथ्याङ्कहरु संकलन गरिएको छ । नमुना छनोट गरिएका जिल्लाहरुको स्थलगत भ्रमण, जानकार व्यक्तिहरुसँग अन्तरक्रिया, अवलोकन लगायतका विधिहरुको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । त्यसैगरी डेस्क पुनरावलोकन, विभिन्न प्रकाशित पत्रपत्रिका, प्रतिवेदन एवं दस्तावेज अध्ययन, अप्रकाशित शोध अध्ययनहरु तथा website बाट द्वितीयक तथ्याङ्कको संकलन गरिएको छ । प्राथमिक तथ्याङ्कको संकलन स्थलगत भ्रमण, जानकार व्यक्तिहरुसँग अन्तरक्रिया, अवलोकन, अपाङ्गता भएका व्यक्तिहरुसँग अन्तवार्ता आदिको सहायताबाट गरिएको छ । प्राथमिक एवं द्वितीयक स्रोतहरूबाट संकलन गरिएका तथ्याङ्कहरुलाई तालिकिकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । नतिजालाई व्याख्यात्मक एवं विश्लेश्षणात्मत ढाँचामा प्रस्तुत गरिएको छ ।

यस अध्ययनका मुख्य प्राप्तिहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री अति आवश्यक रहेको तर सरकारले विशेषगरी गरिब, विपन्न वा सुविधाविहीन वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी सहायक सामग्री उत्पादन र वितरण कार्यका लागि गर्दै आएको आर्थिक सहायताको बारेमा धेरैलाई जानकारी भएको, अध्ययनका क्रममा भेटिएका अपाङ्गता भएका व्यक्तिहरुमध्ये धेरैले सरकारी स्तरबाट निःशुल्क वा सहुलियत मूल्यमा प्राप्त भएको सहायक सामग्री प्रयोग गर्दै आएका, सरकारी स्तरबाट प्राप्त भएका सहायक सामग्री प्रयोग गरिरहेको अपाङ्गता भएका व्यक्तिहरुमध्ये धेरैले स्थानीय तह या मन्त्रालयबाट लेखिदिएको सिफारिसको आधारमा र केहिले आफ्नो चिनजानको मानिस भएकाले सहजै प्राप्त गरेका, मन्त्रालय या स्थानीय तहको सिफारिसका आधारमा नै उत्पादन केन्द्रहरुले सहायक सामग्रीको वितरण गर्दै आएका, दुर्घटना, रोग लगायत विभिन्न कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्या वृद्धि भईरहेको तथा सहायक सामग्रीहरुको माग दिनप्रतिदिन बढ्दै गएको र केन्द्रको क्षमता, प्राविधिक जनशक्ति, कच्चापदार्थको आयात आदि कारणले गर्दा तत्कालै

सम्भव नभई ढिलै भएपनि केन्द्रहरुले सम्बन्धित व्यक्तिलाई सहायक सामग्रीको उपलब्ध गराउदै आएका, सहायक सामग्रीको आकार, प्रयोग भएको कच्चा पदार्थ लगायतका कुराहरुले सहायक सामग्रीको मुल्य निर्धारण गर्ने र सहायक सामग्रीको गुणस्तर तथा टिकाउपनाको सर्न्दभमा अपाङ्गता भएका व्यक्तिहरु सन्तुष्ट रहेको, सहायक सामग्रीको वितरण उत्पादन केन्द्रहरुबाट मात्र हुने गरेका कारण दुर्गम तथा आर्थिक रुपमा विपन्न वर्गका मानिसहरुलाई वितरण केन्द्र सम्म पुगेर सुविधा लिन कठिन हुने गरेको र सहायक सामग्रीको लागि उत्पादन केन्द्रसम्म आँउदा थोरै मुल्यको सामानको लागि पनि धेरै खर्च हुने गरेको, अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता परिचय पत्र आधारमा मासिक भत्ता लिने, सरकारी सुविधा लिनु पर्ने ठाँउमा सहुलियत सुविधा लिने तथा सहायक सामग्री प्राप्त गरिरहेका कारण उनहिरुको जीवनयापन तथा दैनिकीमा धेरै नै सहजता आएको, विभिन्न उत्पादन केन्द्रबाट सेवा लिएका सेवाग्राहीहरुमा महिला भन्दा पुरुषको सङ्ख्या धेरै रहेको, त्यसैगरी उमेर समुह अनुसार १५-५९ बर्ष उमेर समुहका र भौगोलिक रुपमा दुर्गम तथा ग्रामीण क्षेत्रका भन्दा सुगम तथा शहरी क्षेत्रका र केन्द्रका आसपासका धेरै रहेका, अपाङ्गता भएका व्यक्तिहरुको Data Bsae system मा अभिलेख नभएको कारण एउटै व्यक्तिले एकै प्रकारको सहायक सामग्री एक भन्दा बढी केन्द्रबाट पनि लिन सक्ने अवस्था रहेको, अपाङ्गगता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाको कार्यक्षेत्र निर्धारण नगरिएकाले अधिकाशं सदरमुकाम तथा शहरी क्षेत्रमा केन्द्रीत रहेका, सहायक सामग्री उत्पादन तथा वितरण कार्यलाई थप प्रभावकारी बनाउन भन्सारमा सहजता, स्थानीय कच्चा पदार्थको प्रयोगमा जोड, वितरण प्रक्रिया सहज, गरिब, विपन्न तथा सुविधाविहीन वर्गको पहिचान, अपाङ्गगता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाको कार्यक्षेत्र निर्धारण तथा जनचेतनामूलक कार्यक्रमहरु संञ्चालन गर्न अति आवश्यक रहेको पाइयो ।

अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी अगाडि सारिएको अपाङ्गता सहायता कार्यक्रमको बारेमा धेरै व्यक्तिलाई जानकारी भएको, अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री अति आवश्यक रहेको र सहायक सामग्रीको प्राप्ति पछि उनीहरुको दैनिक जीवनयापनमा सहजता आएको, नेपालमा उत्पादन गरि वितरण गरिदै आएका सहायक सामग्रीको गुणस्तर एवं टिकाउपनाको सर्न्दभमा अपाङ्गता भएका व्यक्तिहरु सन्तुष्ट नै रहेको, गरिब, आर्थिक रुपमा विपन्न तथा दुर्गम क्षेत्रका व्यक्तिहरुले पनि सरकारी सुविधा लिदै आएका तर सुविधा लिनेमा दुर्गम तथा ग्रामीण क्षेत्रका भन्दा पनि सुगम तथा शहरी क्षेत्रका र उत्पादन केन्द्रका आसपासका व्यक्तिहरु धेरै रहेका, सहायक सामग्री वितरण गर्दा ग्रामीण तथा दुर्गम क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुलाई पायक पर्ने स्थान वा उनीहरुको पहूँचको स्थितिलाई विचार गरिनु आवश्यक रहेको, विभिन्न कारणले अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्यामा वृद्धि भई सहायक सामग्रीको माग बढे अनुसार सहायक सामग्री उत्पादन गर्न केन्द्रको क्षमता न्यून रहेतापनि माग गरेका सबै व्यक्तिले सहायक सामग्री प्राप्त गरेका, अपाङ्गता भएका व्यक्तिहरुको अभिलेख Data Bsae System मा नभएकाले एउटै व्यक्तिले एकै खालको सहायक सामग्री दुईवटा केन्द्रबाट पनि निःशुल्क लिन सक्ने अवस्था रहेको, सहायक सामग्री वितरण कार्यलाई थप प्रभावकारी बनाउन गरिब, विपन्न तथा सुविधाविहीन वर्गको पहिचान गराईएमा लक्षित वर्ग सम्म नै कार्यक्रम

पुग्नसक्ने तथा सरकारी स्तरबाट प्रदान गरिएका सहायक सामग्रीहरुको सदुपयोगका लागि सहायक सामग्रीमा सरकारी लोगो वा स्टीकर टाँस गर्नु अति आवश्यक रहेको निश्कर्ष निकालिएको छ भने विलासीपूर्ण जीवन शैली, दुर्घटना, रोग आदि कारणले अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्यामा वृद्धि भईरहेको कारणले सरकारले पुनःस्थापना केन्द्रहरुको क्षमता विस्तार तथा वर्तमान संघीय संरचना अनुसार ७ वटै प्रदेशमा पुनःस्थापना केन्द्र स्थापना पर्ने, अपाङ्गता भएका व्यक्तिहरुको लागि अगाडि सारिएका कार्यक्रमहरु वास्तविक लक्षित समुह सम्म नै पुग्न पुर्‍याउन अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई अनिवार्य रुपमा ७५ प्रतिशत दुर्गम तथा ग्रामीण क्षेत्रमा काम गर्नुपर्ने नीतिगत व्यवस्था गर्ने, आर्थिक रुपमा गरिब, विपन्न तथा सुविधाविहीनवर्गका मानिसहरुले बढी भन्दा बढी सुविधा पाउन भन्ने उद्देश्यले गरिब, विपन्न तथा सुविधाविहीनवर्गको पहिचान गराउने कार्यका लागि सरकारी स्तरबाट पहल गर्ने, सहायक सामग्रीको उत्पादन र वितरण गर्दै आएका केन्द्रहरुलाई अनिवार्य रुपमा Data Bsae System अभिलेख राख्न लगाउने, अपाङ्गता भएको एउटा व्यक्तिले एकै बर्षमा एउटै खालका सहायक सामग्री एक भन्दा बढी केन्द्रबाट निःशुल्क नलिउन भन्नका लागि अपाङ्गता भएका व्यक्तिहरुको अभिलेख Data Base System मा राखी एक वर्षमा एउटा सहायक सामग्री एक ठाँउबाट मात्र लिन पाउने नीतिगत व्यवस्था गर्नुपर्ने, वर्तमान संघीय संरचना अनुसारका सबै स्थानीय तहहरुलाई अपाङ्गताको क्षेत्रमा शीर्षक अनुसार (सचेतना, सीप विकास तथा सहायक सामग्रीको लागि) बजेट विनियोजन गर्न निर्देशन दिनुपर्ने,अपाङ्गता भएका व्यक्तिहरुको सहजताका लागि सहायक सामग्री उत्पादन र वितरण गर्ने केन्द्रसँग समन्वय गरी स्थानीय तहबाट नै सहायक सामग्री वितरण गर्ने व्यवस्था मिलाउन स्थानिय तहहरुलाई परिपत्र गर्नुपर्ने, कृतिम अंङ्ग बनाउने २, ३ जना प्राविधिक कर्मचारीलाई सरकारी कोटामा विदेश पढ्न पठाउने नीतिगत व्यवस्था गर्नुपर्ने, सरकारी स्तरबाट वितरण गरिने सहायक सामग्रीहरुमा सरकारी लोगो वा स्टीकर टाँस गर्ने व्यवस्था पर्ने, उत्पादन केन्द्रबाट भईरहेको सहायक सामग्री उत्पादन एवं वितरण कार्यको सरकारी स्तरबाट प्रभावकारी रुपमा अनुगमन गर्नुपर्ने कुरालाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

## विषयसूची


| | पेज नं. |
|---|---|
| **परिच्छेद - एक : परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभुमि | १ |
| १.२ अध्ययनका उद्देश्यहरू | २ |
| १.३ अध्ययनको औचित्य | २ |
| १.४ सन्दर्भ साहित्यको समीक्षा | ३ |
| **परिच्छेद - दुई : अध्ययन विधि** | **९-१०** |
| २.१ अध्ययन ढाँचा | ९ |
| २.२ नमुना छनोट प्रक्रिया | ९ |
| २.३ तथ्याङ्कका स्रोतहरू | ९ |
| २.४ तथ्याङ्कका संकलनका साधनहरु | ९ |
| २.५ तथ्याङ्कको व्याख्या र विश्लेषण | १० |
| **परिच्छेद - तीन : नतिजा विश्लेषण** | **११-३९** |
| **३.१ अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक आर्थिक अवस्था** | ११ |
| ३.१.१ अपाङ्गता भएका व्यक्तिहरुको उमेरगत विवरण | ११ |
| ३.१.२ अपाङ्गता भएका व्यक्तिहरुका आर्थिक अवस्था एवं पेशागत विवरण | ११ |
| ३.१.३ अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक अवस्था | १२ |
| **३.२ सहायक सामग्री प्रति अपाङ्गता भएका व्यक्तिहरुको धारण** | **१३** |
| ३.२.१ सहायक सामग्रीको उपलब्धता वा प्राप्तिको अवस्था | १३ |
| ३.२.२ सहायक सामग्रीको गुणस्तरको अवस्था | १५ |
| ३.२.३ सहायक सामग्रीको प्रयोगले दैनिकीमा आएको परिर्वतनको अवस्था | १६ |
| **३.३ सहायक सामग्री उत्पादनमा लाग्ने लागत र सामग्रीको गुणस्तरको अवस्था** | १८ |
| **३.४ सहायक सामग्रीको माग र केन्द्रको उत्पादन क्षमताको अवस्था** | १९ |
| **३.५ सहायक सामग्री वितरणको आधार एवं प्रक्रिया** | **२०** |
| **३.६. सहायक समाग्री उत्पादन र वितरणको वर्तमान अवस्था** | २२ |

३.६.१ समुदायमा आधारित पुनर्स्थापना केन्द्र, सि.वि आर, विराटनगर २३
३.६.२ राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डप २६
३.६.३ ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखरा २८
३.६.४ अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल), कोहलपुर ३१
३.६.५ नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुर ३४
**३.७ सहायक सामग्री उत्पादन तथा वितरण कार्यलाई दिगो एवं थप प्रभावकारी बनाउने उपयाहरु ३८**
**परिच्छेद - चार : प्राप्ति, निर्ष्कष र सुझावहरु ४०-४३**
४.१ मुख्य प्राप्तिहरु ४० ४.२
निष्कर्ष ४३
४३.३ सुझावहरु ४३
सन्दर्भ सामग्री
परिशिष्टहरु

# तालिका सुची


| तालिका | | पेज नं. |
|---|---|---|
| तालिका २.२ : | नमुना छनोट प्रक्रिया | ९ |
| तालिका २.४ : | तथ्याङ्क संकलनका साधनहरु | १० |
| तालिका ३.१.१ : | अपाङ्गता भएका व्यक्तिहरुको उमेरगत विवरण | ११ |
| तालिका ३.१.२ : | अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक अवस्था एवं पेशागत विवरण | १२ |
| तालिका ३.१.३ : | अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक अवस्था | १३ |
| तालिका ३.२.१ : | सहायक सामग्रीको प्राप्ति सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिक्रिया | १४ |
| तालिका ३.३ : | सहायक सामग्रीको औसत लागत मूल्य | १८ |
| तालिका ३.४ : | सहायक सामग्रीको माग र केन्द्रको उत्पादन क्षमताको अवस्था | १९ |
| तालिका ३.६.१.१ : | समुदायमा आधारित पुनर्स्थापना केन्द्र, सि.वि आर, विराटनगरबाट वितरण गरिएका सहायक सामग्रीको विवरण | २३ |
| तालिका ३.६.१.२ : | सेवाग्राहीको लैङ्गिक विवरण | २४ |
| तालिका ३.६.१.३ : | सेवाग्राहीको उमेरगत विवरण | २४ |
| तालिका ३.६.१.४ : | सेवाग्राहीको जातिगत विवरण | २५ |
| तालिका ३.६.१.५ : | सेवाग्राहीको जिल्लागत विवरण | २५ |
| तालिका ३.६.२.१ : | राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डपबाट वितरण गरिएका सहायक सामग्रीको विवरण | २६ |
| तालिका ३.६.२.२ : | सेवाग्राहीको लैङ्गिक विवरण | २७ |
| तालिका ३.६.२.३ : | सेवाग्राहीको उमेरगत विवरण | २७ |
| तालिका ३.६.२.४ : | सेवाग्राहीको जातिगत विवरण | २८ |

तालिका ३.६.३.१ : ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट वितरण गरिएका सहायक सामग्रीको विवरण २९
तालिका ३.६.३.२ : सेवाग्राहीको लैङ्गिक विवरण २९
तालिका ३.६.३.३ : सेवाग्राहीको उमेरगत विवरण ३०
तालिका ३.६.३.४ : सेवाग्राहीको जातिगत विवरण ३०
तालिका ३.६.३.५ : सेवाग्राहीको जिल्लागत विवरण ३१
तालिका ३.६.४.१: अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँकेबाट वितरण गरिएका सहायक सामग्रीको विवरण ३२
तालिका ३.६.४.२ : सेवाग्राहीको लैङ्गिक विवरण ३२
तालिका ३.६.४.३ : सेवाग्राहीको उमेरगत विवरण ३३
तालिका ३.६.४.४ : सेवाग्राहीको जातिगत विवरण ३३
तालिका ३.६.४.५ : सेवाग्राहीको जिल्लागत विवरण ३४
तालिका ३.६.५.१: नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA), कञ्चनपुरबाट वितरण गरिएका सहायक सामग्रीको विवरण ३५
तालिका ३.६.५.२ : सेवाग्राहीको लैङ्गिक विवरण ३५
तालिका ३.६.५.३ : सेवाग्राहीको उमेरगत विवरण ३६
तालिका ३.६.५.४ : सेवाग्राहीको जातिगत विवरण ३६
तालिका ३.६.५.५ : सेवाग्राहीको जिल्लागत विवरण ३७

# परिच्छेद -एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

मानिसको दैनिकी आर्थिक उर्पाजनसँग जोडिएको हुन्छ । मानिसहरुले दैनिक जीवनयापनका लागि विभिन्न कामहरु गर्दै आएको हुन्छ । आफ्ना दैनिक क्रियाकलापहरु सहज रुपमा गर्न नसक्ने गरी शारीरिक तथा मानिसक रुपमा अंगहरु पूर्णरुपमा विकसित नभई अपाङ्ग भएका व्यक्तिहरुलाई अपाङ्गता भएका व्यक्तिहरु भनिन्छ । केही व्यक्तिहरु जन्मजात रुपमा नै अपाङ्ग भएका हुन्छन् भने केही व्यक्तिहरु व्यक्तिहरु दुर्घटनामा परी, औषधीहरुको असर..आदि कारणले अपाङ्ग हुन पुग्दछन् । यसरी कुनै पनि कारणले अपाङ्ग भए पनि त्यसले उनीहरुको दैनिक जीवनमा कठिनाई उत्पन्न हुन्छ । पारिवारिक तथा सामाजिक रुप भिन्न व्यवहारहरु हुन थाल्दछ । जसको कारण अपाङ्गता भएका व्यक्तिहरु मनोवैज्ञानिक रुपमा निरास हुन पुग्दछन् । सपाङ्गता भएका व्यक्तिहरुका लागि जीविकोपार्जनका लागि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुमा संग्लनता हुन सहजता भएतापनि अपाङ्गता भएकाहरुको लागि जीविकोपार्जन त्यति सहज भएको पाइदैन । उनीहरुको आफ्नो दैनिक जीवन नै निकै कष्टकर बनिरहेको हुन्छ । कतिपय अवस्थामा घर परिवार तथा समाजले समेत भेदभावपूर्ण व्यवहार गर्दछन् । तीनै अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा आफ्नो दैनिक क्रियाकलापहरु संञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने संघ संस्थाहरुको साझेदारीमा पाँचै वटा विकास क्षेत्रबाट १, १ वटा संस्था छानी ७५ वटै जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्रीको वितरणको व्यवस्था मिलाएको छ भने ती केन्द्रहरुलाई नेपाल सरकारले बार्षिक रुपमा बजेट विनियोजन गर्दै आएको छ । त्यसैगरी अपाङ्गता भएकाहरुको लागि विभिन्न किसिमका सीपमूलक कार्यक्रमहरुको संञ्चालन  तथा उनीहरुको सहजताको लागि सहायक सामग्रीको निमार्ण एवं वितरण गर्ने कार्यमा सहजिकरण पनि गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा आधारित पुनस्थापना कार्य पनि गर्दै आएको छ । विभिन्न किसिमका सिपमूलक तालिमहरु दिने, अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गताको आधारमा परिचयपत्र वितरण गरी मासिक भत्ता दिने तथा विभिन्न क्षेत्रमा निःशुल्क वा कम शुल्कमा सेवा सुविधा  प्रदान गर्ने कार्य गर्दै आएको छ ।

यसरी अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी उत्पादन तथा वितरण गरीएका सहायक सामग्रीहरु अपाङ्गता भएका व्यक्तिहरुलाई कत्तिको पहूँचमा पुगेको छ । उत्पादित सामग्रीहरु कत्तिको गुणस्तरीय छ । सरकारले विनियोजन गरेको रकम अनुसार सहायक सामग्रीको उत्पादन तथा वितरण के कसरी हुदै आएको छ तथा सहायक सामग्रीहरु उत्पादन र वितरण कार्यलाई कसरी दिगो रुपमा संञ्चालनमा ल्याउन सकिन्छ भन्ने कुराको खोजी यस अध्ययनमा गरीएको छ  ।

## १.२ अध्ययनका उद्देश्यहरू

अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारिता, कार्यदक्षता प्रक्रिया, दिगोपन आदिको लेखाजोखा गर्नु यस अध्ययनको साधारण उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् :-

क) सहायक सामग्री उत्पादन र वितरण कार्यक्रमको प्रभावकारिता तथा कार्यदक्षता प्रक्रियाको लेखाजोखा गर्ने ।

ख) उत्पादन तथा वितरण गरीएका सहायक सामग्रीहरुको गुणस्तर तथा अपाङ्गता भएका व्यक्तिहरुको पहूँचमा रहे नरहेको विश्लेषण गर्ने ।

ग) सहायक सामग्री उत्पादन र वितरण कार्यलाई दिगो तथा थप प्रभावकारी बनाउन सुझावहरु पेस गर्ने ।

## १.३ अध्ययनको औचित्य

व्यक्तिले सिकाई, दैनिक कामहरु, संञ्चार, चलफिर, स्वय हेरचार, घरेलु जीवन आदि नियमित दिनचार्यका कामहरु गर्न नसकी अरुको सहायता लिने व्यक्तिलाई अपाङ्गता भएका व्यक्ति भनिन्छ । अपाङ्गता भएका व्यक्तिहरुको सहजकताका लागि नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने संघ संस्थाहरुको साझेदारीमा ७५ वटै जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन तथा वितरण गर्ने कार्यमा सहजिकरण गर्दै आएको छ । त्यसको लागि विराटनगर, काठमाडौं, पोखरा, कोहलपुर तथा महेन्द्रनगरमा रहेका सहायक सामग्री उत्पादन तथा वितरण केन्द्रहरु सँग सहकार्य गर्दै आएको छ । सहायक सामग्री उत्पादन तथा वितरण कार्यका लागि ती केन्द्रहरुलाई लागि सरकारले बार्षिक रुपमा आर्थिक सहायता पनि प्रदान गर्दै पनि आएको छ । ती केन्द्रहरुमा सहायक सामग्रीहरुको माग र उत्पादन कति हुने गरेको छ, कुन कुन सामग्रीको लागि के कति रकम विनियोजन गरीएको छ तथा के कसरी वितरण हुदै आएको छ, सहायक सामग्रीको उत्पादन तथा वितरण कार्यलाई कसरी दिगो बनाउन सकिएला तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन के गर्नु पर्ला भन्ने कुराको खोजी गरीएको हुदाँ यो अध्ययन औचित्य पूर्ण रहेको छ ।

- अपाङ्गताहरुलाई लक्षित गरी अगाडि सारिएको कार्यक्रमहरु वास्तविक अपाङ्गताहरुको पहूँचमा के कति पुगेको छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको अनुपातमा सहायक सामग्रीको उत्पादन र वितरण को अवस्था के कस्तो रहेको छ ।
- यस्ता सहायक सामग्रीहरुले अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीविकामा के कस्तो सहजता आएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी सहायक सामग्रीको उत्पादन र वितरणको लागि गरीएको आर्थिक सहायता बाट के कति सहायक सामग्रीको उत्पादन र वितरण हुदै आएको छ ।

- सहायक सामग्रीहरुको उत्पादन तथा वितरण कार्यलाई कसरी दिगोपनाको स्थितिमा ल्याउन सकिन्छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागि थप के कस्ता कार्यक्रमहरु संञ्चालन गर्नु आवश्यक छ जसले उनीहरुको जीवनमा थप सहजता ल्याउन सक्छ ।

**१.४ सम्बन्धित पूर्वकार्यको अध्ययन**

विश्व स्वास्थ्य संघका अनुसार विकासोन्मुख मुलुकमा कुल जनसंख्याको करिब १५ प्रतिशत जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गपन रहेको पाईन्छ । केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको २०६८ सालको तथ्याङ्क अनुसार नेपालको कुल जनसङ्ख्याको १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै पनि प्रकारको अपाङ्गता भएको पाईन्छ । अपाङ्गता भएका व्यक्तिहरु मध्ये शारीरिक अपाङ्गता भएका व्यक्तिहरु ३६.३ प्रतिशत, दृष्टिविहिनहरु १८.४६ प्रतिशत, सुनाई सम्वन्धी १३.६९ प्रतिशत, स्वर वोलाई सम्वन्धी ११.४६ प्रतिशत, वहुअपा ँता ७.५२ प्रतिशत, मानसिक अपाङ्गता ६.०४ प्रतिशत, वौद्धिक अपाङ्गता २.९१ प्रतिशत र सवैभन्दा कम १.८४ प्रतिशत श्रवण दृष्टिविहीनता सम्वन्धी अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् (के.त वि २०६८) ।

यसरी अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी विभिन्न प्रकारका सहायक सामग्रीहरुको उत्पादन तथा वितरण गर्ने कार्य भएको पाईन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी एने २०७४ मा यस्ता सहायक सामग्रीहरुलाई यसप्रकार उल्लेख गरेको पाईन्छ :-

व्यक्तिगत सहयोगी, साङ्केतिक भाषा दोभाषे, स्लेट स्टाइलस, ब्रेल मेमो, ब्रेल डिस्पेल, ब्रेल नोट टेकर, ब्रेल इम्बोर्सर्टस, डेजी प्लायर्स, स्मार्ट सेतो छडी, वाटर इन्डिकेटर, लाईट इन्डिकेटर, पेन फरेन्ड, टर्किक वाच, टर्किक क्यालकुटेलर, दृष्टिविहीनहरुका लागि खेलकुदका सामग्रीहरु (आवाज युक्त बल, टेनिस बल,क्रिकेटबल), आवाज युक्त भान्साका सामानहरु, दृष्टिविहीनहरुका लागि अध्ययनमा सघाउ हुने उपकरण तथा शैक्षिक सामग्रीहरु, ब्रेल पेपर, ब्रेल पाठ्यपुस्तक एवं अध्ययन सामग्री, श्रवण यन्त्र, स्वर यन्त्र, व्हिलचियर, बैशाखी, वाकर, क्यालिपर, विशेष प्रकारको जुत्ता, कृतिम हात तथा खुट्टा, मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि क्याथेटर र डायपर, विशेष प्रकारको कमोड तथा अन्य विकासात्मक सामग्रीहरु आदि ।

नेपाल सरकार महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालयले सामाजिक सुरक्षा अन्तरगत अपाङ्गता भएकाहरुलाई समुदायमा आधारित पुनःस्थापना कार्य संञ्चालन गदै आएको छ । यस अन्तरगत अपाङ्गता भएका व्यक्तिहरुलाई मैनबत्ति, अगरबत्ति बनाउने जस्ता सिपमूलक तालिमहरु संञ्चालन गरेको पाईन्छ । यसै गरी अपाङ्गता भएका व्यक्तिहरुको दैनिकी सहज होस् भनेर ७५ वटै जिल्लामा विभिन्न प्रकारका सहायक सामग्रीहरुको वितरण पनि गर्दै आएको छ । यस्ता सहायक सामग्रीहरुमा सेतो छडी, बैसाखी, लठ्ठी, कम्बरमा बाध्ने पेटी, क्यालिफर, कुहिनो मुनीको हात, घुडा मुनीको कृतिम खुट्टा, ह्वील चियर, विशेष जुत्ता वितरण आदी रहेका छन् । यस्ता सामग्रीहरुको वितरणमा नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने संघ संस्थाहरुसँग साझेदारी

गर्दै आएको र सबै प्रकारका अपाङ्गहरु समक्ष यस्ता सहायक सामग्री पुर्‍याउने उद्देश्य नेपाल सरकारको रहेको छ । यसका लागि नेपाल सरकारले बार्षिक रुपमा बजेट पनि विनियोजन गर्दै आएको छ (नेपाल सरकार, २०७३) ।

नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नर्वेजियन अपाङ्गता भएका व्यक्तिहरुको संघ (FFO-Norway) को आर्थिक सहायोग  तथा राष्ट्रिय अपाङ्ग महासंघको व्यवस्थान तथा भ्याली रिर्सच ग्रुपको साझेदारीमा **नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तरको अध्ययन** गरेको पाईन्छ । ५९ वटा जिल्लाका १०० वटा क्षेत्र निर्धारण गरी ४ हजार घरधुरीका २ हजार अपाङ्गता नभएका तथा २ हजार अपाङ्गता भएका व्यक्तिहरुको तुलनात्मक सर्वेक्षण गरी गरीएको उक्त अध्ययनमा नीतिगत व्यवस्था भएर पनि अधिकाशं अपाङ्गता भएका व्यक्तिहरुको विभिन्न सेवा सुविधामा अपाङ्गता नभएका व्यक्तिहरुको तुलनामा २०-३० प्रतिशत मात्र पहूँच पुग्न सकेको, त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुमा सामान्य स्वास्थ्य तथा सुचनामा कम पहूँच, बेरोजगारीदर, निरक्षरतादर तथा घरमा हुने न्यूनता सेवाहरुको कमी जस्ता कुराहरुमा अपाङ्गता भएका र अपाङ्गता नभएका व्यक्तिहरुको बिच ठूलो अन्तर रहेका, करिब ८ जनामा १ जना अपाङ्गता भएका व्यक्तिले मात्र सहायक/सहयोगी सामग्री प्रयोग गर्ने गरेको तथा सहायक सामग्रीहरु वास्तविक अपाङ्गता भएका व्यक्तिहरुको पहूँच न्यून रहेको निश्कर्ष निकालेको पाईन्छ ।

अपाङ्ग परिचय पत्र निर्देशिका -२०६५ अनुसार अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गताको गम्भीरताको आधारमा वर्गिकरण गरी सोही आधारमा परिचय पत्र वितरण गर्ने कार्य पनि नेपाल सरकारले गर्दै आएको छ । अपाङ्गताको गम्भीरताको आधारमा अपाङ्गहरुलाई चार किसिममा विभाजन गरीएको र सोही आधारमा परिचय पत्रको रङ् पनि फरक फरक रहेको पाईन्छ । जुन यसप्रकार रहेको छ :-

**पूर्ण अपाङ्ग - रातो कार्ड**
**अति अशक्त - निलो कार्ड**
**मध्यम अपाङ्ग - पहेलो कार्ड**
**सामान्य अपाङ्ग - सेतो कार्ड**

नेपाल सरकारले अपाङ्गताको गम्भीरताको आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई मासिक अशक्त वृत्ति पनि दिने गरेको छ । पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई मासिक रु १,००० र आंशिक अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई मासिक रु ३०० अशक्त वृत्ति दिने गरेको छ भने विभिन्न सरकारी निकायहरुमा निःशुल्क वा कम शुल्कका सेवा सुविधा पनि दिदै आएको छ । यसले पनि अपाङ्गता भएका व्यक्तिहरुको जीवन निवार्हमा केही सहजता आएको छ  (अपाङ्ग परिचय पत्र निर्देशिका - २०६४) ।

अपाङ्गता सम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ को सहायक साधन र सेवाहरु शीर्षक अन्तरगत अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सहायक साधनहरु उत्पादन गरी निःशुल्क/सहुलियत मूल्यमा वितरण गर्ने व्यवस्था गरीनेछ भनि उल्लेख गरीएको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७४ मा पनि नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको प्रकृति र अवस्था बमोजिम आवश्यक पर्ने सहायक सामग्री उपयुक्त प्राविधिक जाँच सहित उपलब्ध गराउने व्यवस्था गरेको पाईन्छ । उक्त नियमावली अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री सहज र सरल तरिकाले उपलब्ध गराउन स्थानीय स्तरबाटै यसको वितरणको व्यवस्था मिलाउने तथा सहायक सामग्रीको गुणस्तर नियन्त्रण, वितरण तथा अनुगमन सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेको पाईन्छ ।

अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण ऐन २०७४ मा अपाङ्गता परिभाषा तथा अपाङ्गता भएका व्यक्तिको वर्गिकरण गरेको छ । जस अनुसार शरीरका अ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याको कारण भौतिक, सामाजिक, सांस्कृतिक, वातावरणका साथै संञ्चार समेतबाट सिर्जना भएको अवरोध समेत दैनिक क्रियाकलाप सामान्य रुपमा संञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागि हुन कठिनाई हुने अवस्थालाई अपाङ्गता भनिन्छ । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुलाई पनि शारीरिक अङ्गहरु तथा शारिरीक प्रणालीमा आएको समस्या एवं कठिनाईका प्रकृति अनुसार शारिरीक अपाङ्गता, दृष्टि सम्बन्धि अपाङ्गता, सुनाई सम्बन्धि अपाङ्गता, श्रव्य दृष्टिविहीन, स्वरबोलाई सम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता र बहु अपाङ्गता गरी १० प्रकारमा वर्गिकरण गरीएको छ भने अशक्तताको गम्भीरताको आधारमा पूर्ण असक्त अपाङ्गता, अति असक्त अपाङ्गता, मध्यम अपाङ्गता तथा सामान्य अपाङ्गता गरी ४ प्रकारमा विभाजन गरेको पाईन्छ ।

विशेष शिक्षा नीति २०५३ को बुदाँ नं १६ मा अपाङ्ग विद्यार्थी/बालबालिकाले दैनिक रुपमा प्रयोग गर्ने सामग्रीहरु जस्तै ह्लिचियर, बैशाखी, श्रवण यन्त्र, ह्वाइट क्यान, बेलसेट, स्पेसल चियर तथा कृत्रिम अंगहरुको अयात गर्दा यथासंम्भव विशेष सहुलियत दिने व्यवस्था गरेको पाईन्छ भने अपाङ्गता संरक्षण तथा कल्याण ऐन २०३९को दफा १० को उपदफा ४ मा अपाङ्गले प्रयोग गर्नुपर्ने, सहायक साधनहरु, उपकरण वा औजार तथा अपाङ्गको लागि तालिम का लागि वा नीजि रोजगारीमा लागेका अपाङ्गको रोजगारका लागि प्रयोग गर्ने मालसामान, यन्त्र, पूर्जा, तथा कच्चा पदार्थहरु भन्सार, अन्तशुल्क, बिक्रिकर तथा अन्य दस्तुर समेत नेपाल सरकारले पूर्ण वा आशिंक रुपमा छुट दिनसक्ने व्यवस्था गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धि (२००६) मा अपाङ्गता भएका व्यक्तिहरुलाई नयाँ प्रविधिका साथै अन्य प्रकारको सहयोग आधार सेवा र सुविधा लगायतका अन्य गमनशील सहायक सामग्री, उपकरण तथा सहयोगात्मक प्रविधिहरुको पहूँच तथा उचित जानकारी उपलव्ध गराउने सामान्य दायित्व यस महासन्धीको धारा ४ मा व्यवस्था गरीएको छ । त्यसैगरी सो महासन्धिको धारा २० मा अपाङ्गता भएका व्यक्तिहरुलाई देहायका कुराहरुको माध्यमवाट समेत अधिकतम् सम्भावित स्वनिर्भरता सहित व्यक्तिगत गमनशीलता सुनिश्चित गर्न प्रभावकारी उपायहरु अवलम्वन गर्नेछन् भन्ने उल्लेख गरीएको छ :-

- अपाङ्गता भएका व्यक्तिहरुलाई निजहरुले रोजेको तरिका र समस्या तथा धान्न सक्ने मूल्यमा व्यक्तिगत गमनशीलता सहज बनाउने,

- गुणस्तरीय गमनशीलता सेवा, उपकरण, सहयोगात्मक प्रविधि तथा प्राणीवाट हुने प्रत्यक्ष सहयोग र मध्यस्थ सेवा धान्न सक्ने मूल्यमा उपलब्ध गराई पहूँच सहज बनाउने,
- अपाङ्गता भएका व्यक्तिहरु तथा अपा ँता भएका व्यक्तिहरुको साथमा काम गर्ने विशेषज्ञ कर्मचारीहरुलाई गमनशीलता सिप सम्पन्धी तालिम प्रदान गर्ने,
- गमनशीलता सेवा उपकरण तथा सहयोगात्मक प्रविधि उत्पादन गर्ने निकायहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको लागि गमनशीलताका सम्पूर्ण पक्षहरुमा ध्यान दिन प्रोत्साहन गर्ने व्यवस्था गरेको पाईन्छ । त्यस्तै धारा २६ मा अपाङ्गता भएका व्यक्तिहरुलाई अधिकतम् स्वतन्त्रता, पूर्ण शारीरिक, मानसिक, सामाजिक र व्यवसायिक सक्षमता हासिल गर्न एवं कायम राख्न तथा जीवनका सवै पक्षहरुमा पूर्ण रुपले समावेश हुन सक्षम तुल्याउन दौतरीको सहयोग समेत अन्य प्रभावकारी र उपयुक्त उपायहरु अवलम्वन गर्नेछन्, यसका लागि विशेषगरी स्वास्थ्य, रोजगारी, शिक्षा र सामाजिक सेवाका क्षेत्रहरुमा विस्तृत वासस्थान र पुनर्स्थापना सम्वन्धी सेवा र कार्यक्रमहरुको आयोजना तथा सुदृढीकरण एवं विस्तार गर्ने छन् भन्ने कुराको व्यवस्था गरीएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री अति उपयोगी उपकरण हो । शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई जस्तैः कृतिम हात खुट्टा, व्हिल चियर, बैसाखी, क्यालिपर, अर्थोपेडिक जुत्ता आदि छन् भने सुस्त श्रवणका लागि श्रवण यन्त्र, दृष्टिविहीनका लागि सेतो छडी उनीहरुका लागि सहयोगी उपकरण हुन । यस्ता सहायक सामग्री विना अपाङ्गता भएका व्यक्तिहरु एक ठाउंबाट अर्को ठाउंमा जान, उनीहरुलाई जीवनपयोगी अवसर प्राप्त गर्न जस्तै शिक्षा, रोजगार, स्वास्थ्य लगायत समग्र जीवनको गुणस्तर वृद्धि गरी समाजमा पुनःस्थापन हुने उपकरण सहायक समाग्री भएको हुंदाँ सहायक सामग्री विना अपाङ्गता भएका व्यक्तिहरुको जीवन कल्पना गर्न सकिदैन । विशेष गरी शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीहरु मुख्य गरी चार प्रकारका रहेका छन् :-

**क) अर्थोसिस :** यस अन्तर्गत क्यालिपर्स, हातमा लगाउने स्प्लीन्ट र स्पाईनल व्रास आदि पर्दछन् जसले सम्वन्धित भागलाई आड दिनका साथै कमजोर र त्रुटिपूर्ण भागलाई सुधार गर्न मद्दत पुर्‍याउंछ । अर्थोसिस एक प्रकारको अर्थोपेडिक सामग्री हो जुन शरीरको कमजोर तथा विकृत भागलाई सुधार गर्नको निमित्त शरीरको वाहिरी भागमा लगाईन्छ । हड्डी र मांसपेशी सम्वन्धी समस्याका कारणले राम्ररी चलफिर गर्न नसक्ने, क्रियाकलाप गर्न नसक्ने र खुट्टाको पक्षपात भएका व्यक्तिहरु यसबाट लाभ प्राप्त गर्न सक्दछन् । यो हात, खुट्टा तथा मेरुदण्डको अर्थोसिसहरु गरी तिन प्रकारका हुन्छन् ।

**ख) प्रोस्थेसिस :** प्रोस्थेसिस भन्नाले कृतिम अंगहरु (हात, खुट्टा) लाई जनाउंछ जसले शरीरका गुमेको अंगहरुको भागलाई प्रतिस्थापन गर्दछ । मानव शरीरमा जडान गरीने यस्ता कृतिम हात खुट्टाहरु शरीरका विकृत प्राकृतिक भागहरुलाई कार्यरत राख्न, गुमेका अंगहरु प्रतिस्थापित गर्न वा सहायता पुर्‍याउन प्रयोग गरीन्छ । जन्मजात वा जन्मेपछि जुनसुकै कारणले हात वा खुट्टा वा ती अंगका केही भागहरु गुमाएका व्यक्तिहरुले यसवाट लाभ प्राप्त गर्न सक्दछन् ।

**ग) हिडडुल तथा गतिशीलतामा प्रयोग हुने उपकरणहरु :** यस अन्तर्गत व्हीलचियर, वाकर, क्रचेज ( बैसाखी ) आदि पर्दछन् जुन हिडडुल गर्न सहयोगका लागि प्रयोग गरीन्छ । हिडडुल वा गतिशीलता नै दैनिक जीवनसँग सम्वन्धित सीपहरु सिक्ने आधार हुन । मानिसले सामाजिक, शैक्षिक, व्यवसायिक लगायत अन्य आवश्यकताहरु पुर्ति गर्न हिडडुल वा चलफिर गर्नु पर्ने हुन्छ । खुट्टाको शारीरिक कमजोरी भएका व्यक्तिहरुका लागि लठ्ठी बैसाखी वा वाकरको आवश्यकता पर्न सक्छ भने गम्भिर खालको शारीरिक कमजोरी भएका व्यक्तिलाई जटिल खालका सामग्रीको जरुरत पर्न जान्छ । हिड्दा उभिदा राम्रोसंग सन्तुलन कायम गर्न नसक्ने, शरीरको संपुर्ण भार खुट्टाहरुमा पार्न नसक्ने वा दुवै खुट्टाहरुमा क्यालिपरको प्रयोग गरी राखेका व्यक्तिहरुले यसवाट लाभ प्राप्त गर्न सक्छन ।

**घ) विकासात्मक सामग्रीहरु :** असन्तुलित शारीरिक स्थिति सुधार गर्न प्रयोग गरीने सामग्रीहरुलाई विकासात्मक सामग्री भनिन्छ । धेरै बच्चा तथा वयस्कहरुमा बस्ने उठ्ने र दैनिक क्रियाकलापहरुको लागि समन्वयको समस्या भईरहेको हुन्छ । विकासात्मक सामग्रीहरुले स्नायुको क्रियाकलाप वृद्धि गर्न, हातको कार्य राम्रो गर्न, राम्रो संचार गर्न र एक आपसमा घुलमिल हुने कुरामा सुधार गर्न सहयोग पुऱ्याउँछ । यि व्यक्तिहरु जसको वस्न र उठ्नको लागि राम्रो सन्तुलन छैन तथा दैनिक क्रियाकलापमा सन्तुलनको समस्या छ तिनका लागि यो उपयोगी छ । वस्ने सामग्री, उभिने फ्रेम, प्रोन बोर्ड, शौचगर्ने कुर्सी, वेजहरु र पारालल बार आदि विकासात्मक सामग्रीका प्रकार हुन् (अपाङ्गता सम्बन्धी हाते पुस्तिका, २०६६) ।

पौडेल (२०७२) ले "अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक पुनर्स्थापन : राष्ट्रिय अपाङ्गकोष, भृकुटीमण्डप, काठमाडौंका सेवाग्राहीहरुको एक अध्ययन" शीर्षकमा शोधकार्य गरेको पाईन्छ । अपाङ्गता भएका व्यक्तिहरुको हितमा राष्ट्रिय अपाङ्ग कोषले प्रदान गर्दै आएको सेवाको अवस्था तथा अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्रीको उपलव्धता तथा सो मा अपाङ्गता भएका, व्यक्तिहरुको पहुँचको स्थितिको जानकारी हाँसिल गर्ने उद्देश्यले गरीएको उक्त अध्ययनमा रोग, दुर्घटनाका कारण वा बृद्ध हुने क्रम जस्तो जीवनको कुनै मोडमा अपाङ्गता वरण गर्ने सम्भावना रहेको शारीरिक पुनर्स्थापन अर्न्तगत, सहायक सामग्री वितरण, फिजियोथेरापी सेवा अन्य सेवा/कार्यक्रम तर्फ छात्रवृत्ति कार्यक्रम, आर्थिक सहायता, अपाङ्ग प्रतिभा पुरस्कार र मोवाईल मर्मत तालिम लगायत आर्थिक अवस्था कमजोर भएका उपत्यका बाहिरका सेवा प्रदान नगरी नहुने सेवाग्राही केहीलाई सेवा लिने सिलसिलामा यातायात र खान वस्नको आर्थिक सहयोग पनि राष्ट्रिय अपाङ्ग कोषले गर्ने गरेको निश्कर्ष निकाल्दै अपाङ्गता भएका व्यक्तिहरुका लागि विद्यालय जान, जागिर खान, मतदान गर्न, स्वास्थ्योपचार प्राप्त गर्ने आदि कार्य कठिन कार्य रहेकाले अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँच योग्य वस्तु, सेवा तथा प्रविधिहरुको अनुसन्धान र विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोगी हुने प्रविधिहरु सम्बन्धी सूचना माथिको पहुँचको व्यवस्थापन गर्नुपर्ने, अपाङ्गता भएका व्यक्ति उनीहरु आफैंले छनौट गरेको तरिका र समयमा तथा धान्न सक्ने उचित मूल्यमा अपाङ्गता भएका व्यक्तिहरुको व्यक्तिगत गमनशीलतालाई सहज बनाउनु पर्ने, गुणस्तरीय गमनशीलता सहयोगी सामग्रीहरु, उपकरण, सहयोगी प्रविधिहरु तथा प्रत्यक्ष सहायताका स्वरुपहरु र सहयोगकर्ताहरु सम्मको पहुँचलाई सहज

बनाइनु पर्ने, अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक पुनःस्थापनका लागि आवश्यक पर्ने सहायक सामग्री तथा फिजियोथेरापी सेवा आदि उपलव्ध गराउने पुनःस्थापन केन्द्रहरु ज्यादै न्यून संख्यामा भएको र उक्त सेवा चाहिने व्यक्तिहरु ठुलो संख्यामा रहेकोले अपाङ्गता भएका व्यक्तिहरुलाई पुनःस्थापन केन्द्रहरुवाट उपलव्ध हुने सेवा पर्याप्त एवं सर्वसुलभ उपलव्ध हुनुपर्ने, राष्ट्रिय अपाङ्ग कोषको अर्थोपेडिक वर्कसप जसलाई शारीरिक पुनःस्थापन केन्द्र भनिन्छ । यस केन्द्रवाट प्रदान गरीने सेवा पर्याप्त मात्रामा उपलव्ध हुने गरी व्यवस्था गर्नुका साथ साथै सो पुनःस्थापन केन्द्रको स्तरोन्नती गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिहरुको रहनसहन र उनीहरुको रोजगारको स्थितिमा सुधार ल्याउने र उनीहरुका विशेष आवश्यकताहरुलाई हेरी उनीहरुको गमनशीलताका निम्ति भई रहेका र अब निर्माण हुने भवनहरुमा परिवर्तन, सार्वजनिक यातायातका व्यवस्थामा सो अनुकूल सुविधा, शैक्षिक अवसर प्रदान लगायत सवै अवस्थाहरु अपाङ्गतामैत्री हुनुपर्ने, अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनका लागि आवश्यक पर्ने सहायक सामग्रीहरुको उत्पादन, वितरण तथा अनुगमन कार्यमा प्रभावकारिता ल्याई व्यवस्थित बनाउनु पर्ने, विभिन्न सञ्चार माध्यमहरुवाट शारीरिक पुनःस्थापन सेवा, सहायक सामग्रीहरुको आवश्यकता र महत्व सम्बन्धी प्रचार प्रसार गरीनु पर्ने, हरेक अपाङ्गता भएका व्यक्तिहरुको फरक आवश्यकता, इच्छा र क्षमता हुने भएकाले उत्पादित सहायक सामग्रीले उनीहरुको जीवनलाई सहज तुल्याउने वा उनीहरुको आवश्यकता अनुसारको हुनुपर्ने कुरालाई सुझावको रुपमा प्रस्तुत गरेको पाईन्छ ।

यसरी नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरु पनि राष्ट्रका नागरीक भएकाले उनीहरुको दैनिक जीवनलाई सहज बनाउन, विभिन्न सेवा सुविधा प्रदान गर्ने तथा हक अधिकार सुरक्षित गर्नको लागि विभिन्न प्रकारका नीतिगत व्यवस्था गरेको पाईन्छ । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको सहजताका लागि मासिक भत्ता दिने देखि लिएर सहायक सामग्रीको उत्पादन र वितरण गर्ने कार्यमा आर्थिक सहयोग समेत प्रदान गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी पाँच विकास क्षेत्रमा १,१ वटा केन्द्रहरु छनोट गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने सहायक सामग्री निःशुल्क उत्पादन र वितरण गर्ने व्यवस्था पनि मिलाएको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी अगाडि सारिएको सहायक सामग्रीको उत्पादन र वितरण कार्य कति प्रभावकारी बन्न गएको छ भन्ने कुरालाई मध्यनजर राखी विशेषगरी शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामग्रीहरुमा केन्द्रित रहेर यो अध्ययन सम्पन्न गरीएको छ ।

# परिच्छेद - दुई
# अध्ययन विधि

अध्ययनलाई प्रभावकारी बनाउन तथा अध्ययनका उद्देश्यहरु प्राप्ति गर्नका लागि विभिन्न प्रकारका अध्ययन ढाँचा एवं अध्ययन विधिको प्रयोग गरीएको हुन्छ । यस अध्ययनमा प्रयोग गरीएको अध्ययन ढाँचा एवं अध्ययन विधिको जानकारी यस परिच्छेदमा गरीएको छ ।

## २.१ अध्ययन ढाँचा

यस अध्ययनमा गुणात्मक तथा संख्यात्मक प्रकृतिका तथ्याङ्कहरूको प्रयोग गरीएको छ । तथ्याङ्कहरूलाई व्याख्यात्मक एवं विश्लेश्षणात्मक ढाँचामा प्रस्तुत गरीएको छ ।

## २.२ नमुना छनोट प्रक्रिया

यस अध्ययनको अध्ययन क्षेत्रको रुपमा मोरङ, काठमाडौं, कास्की, बाँके र कञ्चनपुर जिल्लालाई छनोट गरीएको छ । नमुना छनोट प्रक्रिया सम्बन्धी विस्तृत विवरण तालिका २.२ मा प्रस्तुत गरीएको छ :-

तालिका २.२ : नमुना छनोट प्रक्रिया

| क.स. | विवरण | नमुना छनोट गरीएका उत्तरदाताहरूको सङ्ख्या |
|---|---|---|
| १. | जिल्ला | मोरङ, काठमाडौं, कास्की, बाँके र कञ्चनपुर |
| २ | अपाङ्गता भएका व्यक्तिहरु | ५ x ५ =२५ जना |
| ३. | अपाङ्गता भएका व्यक्तिहरुको घरमूली वा सरोकारवाला व्यक्तिहरु | ५ x ५ =२५ जना |
| ४. | अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन गर्ने संस्थाका प्रमुख | ५ x१ ५ वटा |

## २.३ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतहरूबाट तथ्याङ्कहरु संकलन गरीएको छ । नमुना छनोट गरीएका जिल्लाहरुको स्थलगत भ्रमण, जानकार व्यक्तिहरुसँग अन्तरक्रिया, अवलोकन लगायतका विधिहरुको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरीएको छ । त्यसैगरी डेस्क पुनरावलोकन, विभिन्न प्रकाशित पत्रपत्रिका, प्रतिवेदन एवं दस्तावेज अध्ययन, अप्रकाशित शोध अध्ययनहरु तथा website बाट द्वितीयक तथ्याङ्कको संकलन गरीएको छ ।

## २.४ तथ्याङ्क संकलनका साधनहरु

यो अध्ययन प्राथमिक तथ्याङ्कमा आधारित रहेको छ । प्राथमिक तथ्याङ्कको संकलन स्थलगत भ्रमण, जानकार व्यक्तिहरुसँग अन्तरक्रिया, अवलोकन, अन्तवार्ता आदिको सहायताबाट गरीएको छ ।

तथ्याङ्क संकलनका साधन तथा जम्मा उत्तरदाताहरुको सङ्ख्यात्मक विवरण तालिका २.४ मा प्रस्तुत गरीएको छः-

तालिका २.४ : तथ्याङ्क संकलनका साधनहरु

| क.स. | **तथ्याङ्क संकलनका साधनहरु** | क- कसको लागि | जम्मा उत्तरदाता सङ्ख्या |
|---|---|---|---|
| १. | अन्तर्वार्ता | अपाङ्गता भएका व्यक्तिहरु | ५ x ५ =२५ जना |
| | | अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने संघ/संस्थाका प्रमुख | ५ x १ =५ जना |
| २. | अन्तरक्रिया | क) अपाङ्गता भएका व्यक्तिहरुको बारेमा जानकार व्यक्तिहरु वा सरोकारवाला व्यक्ति | ५X५ = २५जना |
| ३. | अवलोकन | अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री उत्पादन गर्ने संस्था | ५ वटा |

यसरी अध्ययनलाई प्रभावकारी रूपमा सम्पन्न गर्नको लागि माथि उल्लेखित उत्तरदाताहरूसँग स्थलगत भ्रमण, जानकार व्यक्तिहरुसँग अन्तरक्रिया, अवलोकन, अन्तवार्ता गरी आवश्यक तथ्याङ्कहरू सङ्कलन गरी विश्लेषण गरीएको छ ।

## २.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्राथमिक एवं द्वितीयक स्रोतहरूबाट संकलन गरीएका तथ्याङ्कहरुलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरीएको छ । नतिजालाई व्याख्यात्मक एवं विश्लेश्षणात्मत ढाँचामा प्रस्तुत गरीएको छ ।

# परिच्छेद - तीन
# नतिजा विश्लेषण

यस परिच्छेदमा विभिन्न स्रोतबाट संकलन गरीएको तथ्याङ्कहरुको आधारमा नतिजाको विश्लेषण गरीएको छ ।

## ३.१ अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक आर्थिक अवस्था

अपाङ्गता भएका व्यक्तिहरुसँग गरीएको अन्तर्वार्ताको आधारमा उनीहरुको सामाजिक आर्थिक अवस्थाको विश्लेषण यहाँ गरीएको छ ।

### ३.१.१ अपाङ्गता भएका व्यक्तिहरु लैङ्गिक तथा उमेरगत विवरण

अपाङ्गता कुनै निश्चित वर्ग, समुदाय वा उमेर समूहका मात्र हुन्छन् भन्ने हुदैन । जुनसुकै लिङ्ग, वर्ग, समुदाय वा उमेर समूहका मानिसहरु पनि अपाङ्ग हुन सक्दछन् । केही व्यक्ति जन्मजात रुपमा नै अपाङ्ग हन्छन् भने कोही व्यक्तिहरु जन्मपश्चात विभिन्न कारणहरु ( दुघटना, रोग) ले अपाङ्ग हुन पुग्दछन् । अध्ययनका क्रममा समावेश गरीएका अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक रुपमा सक्रिय उमेरलाई आधार मानेर 0-14 बर्ष उमेर समुह, 15-59 बर्ष उमेर समुह तथा 60 बर्ष भन्दा माथिका उमेर समुह गरी ३ समुहमा वर्गिकरण अपाङ्गता भएका व्यक्तिहरुको लैङ्गिक एवं उमेरगत विवरण लाई तालिका ३.१.१ म प्रस्तुत गरीएको छ :-

तालिका ३.१.१ : अपाङ्गता भएका व्यक्तिहरुको लैङ्गिक एवं उमेरगत विवरण

| उमेर समूह | सङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| 0-14 | 2 | 1 | 3 | 12.00 |
| 15-59 | 9 | 6 | 15 | 60.00 |
| 60+... | 5 | 2 | 7 | 28.00 |
| जम्मा | 16 (६४.००) | 9(३६.००) | 25 | 100.00 |

स्रोत :- स्थलगत अध्ययन २०७५ ।

तालिका अनुसार अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्कलाई विश्लेषण गर्दा 0-14 बर्ष उमेर समूहका 12.00 प्रतिशत, 15-59 बर्ष उमेर समूहका 60.00 प्रतिशत तथा 60 बर्ष भन्दा माथिका उमेर समूहका 28.00 प्रतिशत रहेको पाईन्छ । त्यसै गरी लैङ्गिक दृष्टिकोण बाट हेर्दा पुरुष ६४.०० प्रतिशत तथा महिला ३६.०० प्रतिशत रहेको पाईन्छ । यसरी अध्ययन क्रममा समावेश गरीएका अपाङ्गता भएका व्यक्तिहरु मध्ये आर्थिक रुपमा सक्रिय उमेर समूहका व्यक्तिहरुको बाहुल्यता रहेका पाईन्छ भने लैङ्गिक दृष्टिकोण बाट हेर्दा महिला भन्दा पुरुषको सङ्ख्या धेरै रहेको पाईन्छ ।

### ३.१.२ अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक अवस्था एवं पेशागत विवरण

मनिसले जीवन निवर्हका लागि विभिन्न पेसा व्यवसायमा संग्लन हुने, आर्थिक उर्पाजन गर्ने कार्य गर्दछ । अपाङ्गता भएका व्यक्तिहरु मध्ये पनि कतिपय परिवारमा पूर्ण रुपमा आश्रीत भएको पाईन्छ भने कतिपयले आफैले पनि केही न केही गरेको पाईन्छ । अपाङ्गताको गंम्भीरताको आधारमा उनीहरुले

गर्ने पेसा व्यवसायमा विविधता पाईन्छ या फरक फरक रहेका हुन्छन् । कतिपय अपाङ्गता भएका व्यक्तिहरुले सिपमूलक तालिम (मैनबत्ति, अगरबत्ति, मुडा बनाउने, हस्तकलाका सामानहरु बनाउने, सिलाई कटाई गर्ने) सिकेर आफ्नै व्यवसाय संञ्चालन गर्दै आएको पाईन्छ । त्यस्तै कतिपय अपाङ्गता भएका व्यक्तिहरु पनि व्यापार व्यवसायमा संलग्न भएका तथा केही सरकारी सेवामा समेत प्रवेश गरेको पाईन्छ । सरकारी सेवा प्रवेशका लागि सरकारले आरक्षणको व्यवस्था समेत गरेको छ । अध्ययनका क्रममा भेटी अपाङ्गता भएका व्यक्तिहरुले जीवनयापनका लागि अँगालेका पेसा व्यवसायको विवरणलाई तालिका ३.१.२ मा प्रस्तुत गरीएको छ :-

तालिका ३.१.२ : अपाङ्गता भएका व्यक्तिहरुको पेसागत विवरण

| पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पूर्ण रुपमा परिवारमा आश्रीत | 5 | 20.00 |
| व्यापार व्यवसाय | 13 | 52.00 |
| सरकारी सेवा (नोकरी) | 2 | 8.00 |
| पुर्खौली पेसा तथा सिप | 1 | 4.00 |
| अन्य (सडकमा, मन्दिरमा बसेर माग्ने) | 4 | 16.00 |
| जम्मा | 25 | 100.00 |

स्रोत :- स्थलगत अध्ययन २०७५ ।

तालिका अनुसार अपाङ्गता भएका व्यक्तिहरु मध्ये २०.०० प्रतिशत पूर्ण रुपमा परिवारमा आश्रीत रहेको पाईन्छ । त्यस्तै ५२.०० प्रतिशत व्यापार व्यवसायमा संग्लन भएको, ८.०० प्रतिशत सरकारी सेवामा प्रवेश गरेको, ४.०० प्रतिशतले आफ्नो बाजे बराजुको पुर्खौली पेसा तथा सिपलाई नै अंगाल्दै आएको तथा १६.०० प्रतिशतले सडकपेटीमा मागेर आफ्नो दैनिकी गुजारा गर्दै आएको पाईन्छ ।

यसरी अपाङ्गता भएका व्यक्तिहरु स्वयम् आफु नै विभिन्न पेसा व्यवसायमा संग्लन भएका तथा सरकारले प्रदान गर्दै आएको अपाङ्गता भत्ता या सुविधा पनि लिई जीवनयापन गर्दै आएका पाईन्छ ।

### ३.५.३ अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक अवस्था

शिक्षा प्राप्त गर्नु सबैको नैसर्गिक अधिकार भएता पनि धेरै व्यक्तिहरु विभिन्न कारणले शिक्षाको उज्यालो बाट बन्चित नै रहेको पाईन्छ । अझ अपाङ्गता भएका व्यक्तिहरुको हकमा झन् विभिन्न कठिनाई, बाधा एवं बाध्यताका कारण सबैले शिक्षा पाउन सकेका छैनन् । अध्ययनका क्रममा भेट गरीएका २५ जना अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक अवस्थालाई तालिका ३.१.३ मा प्रस्तुत गरीएको छ :-

तालिका ३.१.३ : अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक अवस्था

| शैक्षिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | 5 | 20.00 |
| सामन्य लेखपढ | 11 | 44.00 |
| माध्यमिक तह सम्म | 7 | 28.00 |
| एस.एल.सी. वा सोभन्दा माथि | 2 | 8.00 |
| जम्मा | 25 | 100.00 |

स्रोत :- स्थलगत अध्ययन २०७५ ।

तालिका अनुसार अध्ययनका क्रममा भेटीएका अपाङ्गता भएका व्यक्तिहरु मध्ये २०.०० प्रतिशत निरक्षर, ४४.०० प्रतिशत सामन्य लेखपढ गर्न सक्ने वा सामान्य साक्षर, २८.०० प्रतिशतले माध्यमिक तह सम्मको शिक्षा हासिल गरेको तथा ८.०० प्रतिशतको शैक्षिक योग्यता एस.एल.सी र सो भन्दा माथिल्लो रहेको पाईन्छ । यसरी अपाङ्गता भएका धेरै व्यक्तिहरुको सामान्य लेखपढ गर्न सक्ने या साक्षर रहेको पाईन्छ ।

**३.२ सहायक सामग्री प्रति अपाङ्गता भएका व्यक्तिहरुको धारण**

नेपाल सरकारले अपाङ्गता भएका सबै व्यक्तिहरुलाई अपाङ्गताको गंम्भीरताको आधारमा उनीहरुको दैनिकी सहज होस् भनी सहायक सामग्रीको उतदन तथा वितरण कार्यमा सहजिकरण गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि काम गर्ने संघ संस्था मार्फत् कतिपय सहायक सामग्री निशुल्क त कतिपय सहायक सामग्रीहरु कम शुल्कमा उपलब्ध गराउदै आएको छ । अझ त्यसमा पनि गरीब, विपन्न तथा सुविधाविहीन वर्गलाई निशुल्क सेवा प्रदान गर्ने उद्देश्य नेपाल सरकारको रहेको र सोही अनुरुप ५ वटा केन्द्रहरुमा सहायक सामग्रीको उत्पादन र वितरण कार्यका लागि आर्थिक सहयोग प्रदान गर्दै आएको छ । नेपाल सरकारले जुन उद्देश्यले सहायक सामग्रीको उत्पादन र वितरण कार्यका लागि सहयोग गर्दै आएको छ सरकारले गरेको सहायता वास्तविक रुपमा गरीब विपन्न तथा सुविधाविहीन वर्गमा अपाङ्गता भएका व्यक्तिहरु समक्ष नपुगेको गुनासो व्यापक रुपमा आउने गरेको छ । यसै सन्र्दभमा अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्दै आएका सहायक सामग्री कसरी उपलब्ध भयो, सहायक सामग्री कत्तिको गुणस्तरका छन्, सहायक सामग्रीको प्रयोगले उनीहरुको दैनिक जीवनमा के कस्तो सहजता आएको छ भन्ने सम्बन्धमा सरोकारवालाहरुसँग गरीएको अन्तर्वार्ताबाट प्राप्त धारणहरुलाई यहाँ प्रस्तुत गरीएको छ ।

**३.२.१ सहायक सामग्रीको उपलब्धता वा प्राप्ति अवस्था**

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामग्री । अपाङ्गता भएका व्यक्तिहरुका लागि काम गर्ने संघ संस्था मार्फत् कतिपय सहायक सामग्री निःशुल्क त कतिपय सहायक सामग्रीहरु कम शुल्कमा उपलब्ध गराउदै आएको छ । सहायक सामग्री प्रयोग गरीरहेका मध्ये ६०.०० प्रतिशतले त्यसको जानकारी भएको बताए भने ४०.०० प्रतिशतले आफुहरुलाई त्यसको बारेमा जानकारी नभएको बताए । सरकारले अगाडि सारेको अपाङ्गता सहायता कार्यक्रमको बारेमा धेरै अपाङ्गता भएका व्यक्तिहरु राम्रोसँग जानकारी भएको पाईन्छ ।

अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गरीरहेका सहायक सामग्री कहाँबाट कसरी उपलब्ध भयो भन्ने सन्र्दभमा अध्ययनका क्रममा भेट गरीएका अपाङ्गता भएका व्यक्तिहरुबाट प्राप्त प्रतिक्रियालाई तालिका ३.२.१ म प्रस्तुत गरीएको छ :-

तालिका ३.२.१ : सहायक सामग्रीको प्राप्ती सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिक्रिया

| क्र.स | सहायक सामग्रीको प्राप्ती | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सरकारी स्तरबाट निःशुल्क वा सहुलियत शुल्कमा प्राप्त भएको | 13 | 52.00 |
| २. | आफ्नै खर्चमा किनेको | 7 | 28.00 |
| ३. | अन्य संघ /संस्थाले प्रदान गरेको | 5 | 20.00 |
| | जम्मा | 25 | 100.00 |

स्रोत :- स्थलगत अध्ययन २०७५ ।

तालिका अनुसार अपाङ्गता भएका व्यक्तिहरुमध्ये ५२.०० प्रतिशतले सरकारी स्तरबाट निःशुल्क वा सहुलियत शुल्कमा प्राप्त भएको बताए भने २८.०० प्रतिशतले आफ्नै खर्चमा किनेको तथा २०.०० प्रतिशतले अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने अन्य संघ /संस्थाले प्रदान गरेको बताए । यसरी अध्ययनका क्रममा भेट गरीएका अधिकाशं अपाङ्गता भएका व्यक्तिहरुले सरकारी स्तरबाट निःशुल्क वा सहुलियत शुल्कमा प्राप्त भएको सहायक सामग्री प्रयोग गरेको पाईन्छ ।

त्यसैगरी सरकारी स्तरबाट प्राप्त भएका सहायक सामग्री प्रयोग गरीरहेको अपाङ्गता भएका व्यक्तिहरुलाई तपाईले के का आधारमा सहायक सामग्री प्राप्त गर्नु भयो भनि गरीएको प्रश्नमा ७२ प्रतिशतले स्थानीय तहबाट लेखिदिएको सिफारिसको आधारमा प्राप्त गरेको बताए भने २८ प्रतिशतले आफ्नो चिनजानको मानिस भएकाले प्राप्त गर्न सहज भएको बताए । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुलाई तपाईहरुले सरकारी स्तरबाट के के सुविधा पाउनु भएको छ भनी गरीएको प्रश्नमा अपाङ्गता भएका सबै जनाले सरकारी स्तरबाट वितरण भएको अपाङ्गता परिचय पत्र आफुहरुले बनाएको र सोही परिचय पत्रको आधारमा मासिक भत्ता लिने गरेको, सरकारी सुविधा लिनु पर्ने ठाँउमा सहुलियत सुविधा लिने गरेको तथा र सहायक सामग्रीहरु पनि पाउने गरेको बताए भने जीवनयापनमा सहयोग मिल्ने खालका अन्य ठूला सुविधाहरु आफुहरुले नपाएको धारण व्यक्त गरे ।

अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री उपलब्ध गराउने प्रक्रियाको सर्न्दभमा राष्ट्रिय अपाङ् कोष भृकुटीमण्डपका प्रशासकीय प्रमुखको भनाई यसप्रकार रहेको छ :-

> *"राष्ट्रिय अपाङ् कोष भृकुटीमण्डपबाट सहायक सामाग्री आफै बनाएर तथा तयारी सामान टेण्डर मार्फत् खरिद गरेर गरी दुई प्रकारका सहायक सामग्रीहरु वितरण गरीदै आएको छ । कृतिम अंङ्गहरु व्यक्ति अनुसार फरक फरक साइज आवश्यक पर्ने भएकाले प्राविधिक बाट नापजाँच गरी तयार गर्न लगाई सामान उपलब्ध गराइने गर्दछ । यसको लागि ३,४ हप्ता लाग्न सक्छ । बैसाखी, सेतोछडी लगायतका सहायक सामग्रीहरु मौजाद भएका माग गर्ना साथ तत्काल उपलब्ध गराईन्छ भने मौजुदा सकिएको अवस्थामा सार्वजनिक खरिद ऐन अनुसार सरकारी प्रक्रियाबाट सामान खरिद गर्नुपर्ने भएकाले सहायक सामग्री पाउन केही समय लाग्न सक्दछ ।"*

अन्य उत्पादन केन्द्रका प्रमुखहरुको पनि लगभग उस्तै भनाई रहेको पाईन्छ ।

सहायक सामग्री उपलब्धताको सम्बन्धमा १९ बर्षकै उमेरमा पोलियोका कारण कम्मरमुनीको भाग नचली वा लुलो भएर अपाङ्ग भई बैसाखीको सहायताले हिडडुल गरीरहेको ३६ बर्षिय शारीरिक अपाङ्गको अनुभवलाई यहाँ प्रस्तुत गरीएको छ :-

*"आज भन्दा झण्डै १७ अगाडी पोलियोका कारण कम्मरमुनीको भाग लुलो भई म अपाङ् हुन पुगे । यस बिचमा मैले गाँउघरमा नै बनाएको विशेष प्रकारको लठ्ठीको सहायता यताउती हिडडुल गर्थे । करिब ८ वर्ष अगाडी गाँउको भाईले भारतबाट १ सेट बैसाखी ल्याइदिए । उक्त बैसाखीको सहायताले हिडडुलमा निकै सहजता आयो । त्यसपछि मैले सधै भारतबाट मगाएर नै बैसाखीको प्रयोग गर्दै आएको थिए । गाँउमा म जस्तै थुप्रै अपाङ्गगता भएका व्यक्तिहरु छन् । हामीलाई शुरुमा सरकारले अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामाग्री निःशुल्क रुपमा वितरण गर्ने कार्यमा सहजिकरण गर्दै आएको कुरा थाहा भएन । धेरै छि मात्र थाहा भयो । महेन्द्रनगर आएर बैसाखीको लागि निवेदन दिएपछि १ सेट बैसाखी प्राप्त भयो । त्यो बैसाखी धेरै राम्रै खालको रहेछ । २ बर्ष जति टिक्यो । त्यसपछि फेरी आएर बैसाखीको लागि निवेदन दिए । त्यसपटक आल्मुनियमको १ सेट बैसाखी प्राप्त गरे । उकालो ओरालो, पानी सबै ठाँउमा हिडेनु पर्ने भएका कारण त्यो बैसाखी छोटो समयमा नै भाँचियो । त्यस यता सरकार बाट निःशुल्क प्राप्त भएको बैसाखी प्रयोग गर्दै आएको छु । अहिले पनि बैसाखीको लागि महेन्द्रनगरमा मात्र नभई काठमाडौं गएको बेला भृकुटीमण्डपमा समेत निवेदन दिएको छु । बैशाखी नभएकाले प्रतिक्षा सूचिमा छु । राज्य सरकारले अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा गरेको लगानी एवं सेवा सुविधाबाट हामी दुरदराजमा बस्ने व्यक्तिहरु पनि लाभाम्बित भएका छौ । सहायक सामग्री जे जस्तो भएतापनि निःशुल्क सहायक सामग्री प्रयोग गर्न पाउदाँ खुशी नै छु ।"*

यसरी सरकारले अगाडी सारेको अपाङ्गता सहायता कार्यक्रम थोरै भएपनि लक्षित समुह सम्म पुगेको र धेरै अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यक्रमको बारेमा जानकारी भएको तथा उनीहरुको लागि आवश्यक पर्ने सहायक सामग्री प्राप्त गर्न कहिले काही केही समय पनि पर्खनु पर्ने अवस्था रहेको पाईन्छ ।

### ३.२.२ सहायक सामग्रीको गुणस्तरको अवस्था

नेपाल सरकारको आर्थिक सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुका लागि काम गर्ने संघ संस्था मार्फत् वितरण गरीएको सहायक सामग्रीको गुणस्तर तथा टिकाउपनाको सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरुसँग गरीएको अन्तर्वार्ताबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा अधिकांश व्यक्तिहरुले सरकारी सुविधामा प्राप्त भएका सहायक सामग्रीहरु प्रति सन्तुष्ट नै रहेको धारण व्यक्त गरे । यसै सन्र्दभमा जन्मजात रुपमा नै दुवै खुट्टा लुला भई अपाङ्ग भएका र हाल ह्विलचियरको सहायताबाट सामान्य हिडडुल गरीरहेका ४२ बर्षीय शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको अनुभवलाई यहाँ उल्लेख गरीएको छ :-

*"मेरा दुवै खुट्टा चल्दैनन् । म करिब २९/३० बर्षको उमेर सम्म घरमा नै थलिएर बसेको थिए । अहिले १०/१२ बर्ष जति भयो ह्वीलचियरको सहायताले यताउती जाने गरेको छु । सुरुमा एकजना छिमेकी बुबाले एउटा अन्तराष्ट्रिय संस्थाबाट प्राप्त भएको हो भनेर एउटा ह्वीलचियर ल्याएर दिनु भयो । मैले यहिबाट ह्वीलचियर गुडाउन सिके । त्यो ह्वीलचियर गुडाउन निकै सजिलो थियो र धेरै नै वर्ष टिकेको पनि थियो । सरकारले अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरी ह्वीलचियर लगायत अन्य सामग्रीहरु निशुल्क रुपमा प्रदान गर्ने तथा मासिक रुपमा अपाङ्गता भत्ता पनि दिने गरेको थाहा पाएपछि मैले पनि अपाङ्ग परिचय पत्र बनाए । त्यसपछि मैले मासिक रुपमा अपाङ्गता भत्ता बुझ्दै आएको छु भने सहुलियत शुल्कमा किनेको ह्वीलचियर प्रयोग गर्दै आएको छु । मेरो आफ्नो अनुभवमा मलाई शुरुमा प्राप्त भएको ह्वीलचियर गुडाउन जति सहज वा सुविधाजनक थियो त्यसपछिका हवीलचियर गुडाउन त्यति सजिला छैनन् । अहिले प्रयोग गरीरहेको ह्वीलचियर सामान्य खस्रो बाटोमा गुडाउँदा पनि धेरै परिश्रम गर्नुपर्ने र कहिले काँही रोक्नु पर्दा ब्रेक राम्रोसँग नलाग्ने गर्दछ । तरपनि सरकारले उपलब्ध गराएको ह्वीलचियर निः शुल्क रुपमा गुडाउन पाउदाँ र ह्वीलचियरको सहायताले यताउती हिडडुल गर्न पाउदाँ खुशी छु ।"*

उनी जस्तै अपाङ्गता भएका अन्य व्यक्तिहरुले पनि सरकारी स्तरबाट निःशुल्क वा सहुलियत शुल्कमा किनेको सहायक सामग्रीको टिकाउपना तथा गुणस्तरको सम्बन्धमा खासै असन्तुष्टी व्यक्त नगरी सहायक सामग्री पाउदाँ खुशी नै रहेको धारण व्यक्त गरेको पाईन्छ ।

### ३.२.३ सहायक सामग्रीको प्रयोगले दैनिकीमा आएको परिर्वतनको अवस्था

अपाङ्गता हुनु कुनै अपराध होइन । यो मानिसको वश भन्दा बाहिरको कुरा पनि हो । केही व्यक्ति जन्मजात रुपै मा त केही व्यक्ति जन्मपश्चात विभिन्न कारणले गर्दा अपाङ्गता हुन पुग्दछन् । अपाङ्गता भएका व्यक्तिहरु पनि राष्ट्र नागरीक भएकाले उनीहरुको दैनिक जीवनलाई सहज बनाउन विभिन्न सेवा सुविधा प्रदान गर्नु राज्यको कर्तव्य पनि हो । अपाङ्गता भएका व्यक्तिहरुकै सहजताका लागि नेपाल सरकारले मासिक भत्ता देखि सहायक सामग्रीको उत्पादन र वितरण गर्ने कार्यमा अपाङ्गता भएका व्यक्तिहरुका लागि काम गर्ने संघ संस्था मार्फत् आर्थिक सहायता पनि प्रदान गर्दै आएको छ । सहायक सामग्रीको प्रयोगले अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनचार्यमा के कस्तो सहजता आएको छ भनी अपाङ्गता भएका व्यक्तिहरुसँग गरीएको साक्षात्कारबाट प्राप्त जानकारीलाई यहाँ प्रस्तुत गरीएकोछ ।

सहायक सामग्रीको प्रयोगले आफ्नो दैनिक जीवनमा केही सहजता आएको अध्ययनमा सहभागी सबै अपाङ्गता भएका व्यक्तिहरुले बताए । सहायक सामग्रीको प्रयोगले आफ्नो दैनिक जीवनमा आएको परिर्वतन एवं सहजताको सर्न्दभमा र्दुघटनामा परी घुडाँमुनीको एउटा खुट्टा गुमाई अपाङ्ग भएका र हाल कृतिम खुट्टा प्राप्त गरी हिडडुल गरीरहेका ४५ बर्षीय शारीरिक अपाङ्गको अनुभव यसप्रकार रहेकोछ :-

*"आज भन्दा करिब ५ बर्ष अगाडी सडक दुर्घटनामा परी मेरो दाहिने खुट्टाको घुडाँ मुनिको भाग काटेर पाल्नु पर्ने भयो । यसरी एउटा खुट्टा गुमाएपछि हिडडुल गर्न कठिन हुनु स्वाभाविकै थियो । तर पनि मैले बैसाखीको साहारामा यताउती हिडडुल गर्ने तथा आफ्नो कामहरु गर्दै आएको थिए । घरको आर्थिक अवस्थाको कारणले थप उपचार गर्न पनि नसकि बसिरहेको थिए । छ महिना अगाडी अफिसको काममा गाँउमा आएका एक जना कर्मचारी सरले कृतिम खुट्टा हाल्न मिल्ने, पोखराको हरियो खर्क अस्पतालमा खुट्टा पाइने र नगरपालिकाको सिफारिस लगेमा सके निःशुल्क, नभएपनि कम शुल्कमा उपचार हुने कुरा बताउनु भयो । नगरपालिकाको सिफारिस लिएर म उक्त अस्पतालमा गए । मेरो खुट्टाको नापजाँच गरी एक महिना पछि सर्म्पकमा आउनु भनेर मलाई पठाईयो । एक महिना पछि जादाँ मेरो लागि खुट्टा तयार भएको रहेछ । करिब एक हप्ता सम्म उक्त कृतिम खुट्टा लगाएर हिड्न अभ्यास गराएर पछि अस्पतालले मलाई खुट्टा दिएर घर पठाइयो । मैले त्यसको लागि अत्यन्त न्यून शुल्क बुझाउनु पर्‍यो । अस्पताल प्रति म असाध्यै आभारी छु । कृतिम खुट्टा पाए सँगै मैले बैसाखी टेक्नु परेको छैन । अरु सामान्य मानिस सरह हिडडुल गर्न सक्ने भएको छु । आफ्ना कामहरु आफ्नै गर्दै आएको छु । आफुलाई फेरी एक पटक पुर्नजन्म पाएको अनुभूति भएको छ ।"*

उनी जस्तै सहायक सामग्रीको प्रयोगले आफ्नो दैनिकीमा आएको सहजताको सम्बन्धमा दुवै आँखाको ज्योति गुमाई नेत्रविहीन बनेका सात जना परिवारका घरमुली ५२ बर्षीय नेत्रविहीनको अनुभव यसप्रकार रहेको छ :-

*"म करिब ४,५ बर्षको हुदाँ ज्वरो आएर मेरा दुवै आँखाको ज्योति गुम्न पुग्यो । घरमा जन्मेको पहिलो सन्तानको नै त्यसरी आँखाको ज्योति गुमेर नेत्रविहिन हुनपुग्दा आमाबाबुलाई परी पर्नु स्वभाविक थियो । तर घरको कमजोर आर्थिक अवस्थाको कारणले मेरो आँखाको उपचार हुन सकेन र निगालोको लठ्ठी नै मेरो साहारा बन्न पुग्यो । लठ्ठीकै सहायताले म गाँउघर तिर यताउत डुल्ने तथा आफ्नो काम गर्दथे । यसरी डुल्दा तथा काम गर्दा निकै कठिन हुने गर्दथ्यो । थाहा नपाएका कतिपय मानिसले त जाँडखाएर झल्लीदै हिडेको समेत भन्ने गर्दथे । म जस्तै एउटा आँखा नदेख्ने सँग मैले विवाह गरे । ३ छोरा र २ छोरी गरी ५ जना बच्चा जन्मिए । हाम्रा सबै छोराछोरी सपाङ्ग नै छन् । अहिले म सात जना परिवारको घरमुली भई परिवारको रेखदेख गर्दै आएको छु । अपाङ्गता भत्ता बाहेक मैले कहिकतै बाट सहयोग पाएको छैन । हामी जस्ता अपाङ्गता भएका व्यक्तिहरुलाई सरकारले निःशुल्क सहायक सामग्री वितरण गर्दै आएको कुरा थाहा पनि थिए तर तीन वर्ष जति भयो अपाङ्गताको क्षेत्रमा काम गर्ने गाँउकै एक जना भाईले एउटा सेतो छडी ल्याएर दिए । यताउती जाँदा त्यही छडी लिएर जाने गरेको छु । सेतो छडी टेक्न थाले पछि दैनिक हिडाईमा केही सहज भएको छ । मानिसहरुले पनि अपाङ्ग भनेर अलि सम्मान गरेका छन्, बाटो हिड्दा बाटो छोडीदिने गरेका छन्, सवारी साधनले पनि रोकेर चढाएर बजार सम्म लाने ल्याउने गर्दछन् । यसरी अरु केही नभएपनि सेतो छडीको प्रयोगले आफुलाई सुरक्षित महशुस भएको छ ।"*

यसरी अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री अति नै प्यारो र यसको प्रयोगले अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनमा धेरै नै सहजता आएको पाईन्छ ।

### ३.३ सहायक सामग्री उत्पादनमा लाग्ने लागत र सामग्रीको गुणस्तरको अवस्था

लगानी र गुणस्तर बीच पारस्परिक सम्बन्ध रहेको हुन्छ । एउटा सामग्री निमार्णको लागि कति लागत वा खर्च लाग्दछ भन्ने कुरा त्यसमा प्रयोग भएको कच्चा पदार्थ, श्रम, समय आदिमा निर्भर हुन्छ । अपाङ्‍गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीको उत्पादनमा लाग्ने खर्च पनि सहायक सामग्रीको आकार, त्यसमा प्रयोग भएको कच्चापदार्थ आदि कुरामा भर पर्दछ । सहायक सामग्रीको लागि लाग्ने लागत मूल्यका सम्बन्धमा उत्पादन केन्द्रहरुबाट प्राप्त विवरणको औसत तालिका ३.३ मा प्रस्तुत गरीरएको छ ।

तालिका ३.३ : सहायक सामग्रीको औसत लागत मूल्य

| | सहायक सामग्रीको नाम | औसत लागत मूल्य |
|---|---|---|
| प्रोस्थेसिस | कुहिनो भन्दा माथिको कृतिम हात | ३० देखि ३२ हजार सम्म । |
| | कुहिनो भन्दा मुनिको कृतिम हात | १८ देखि २० हजार सम्म । |
| | कृतिम खुट्टा-घुडा माथिको | २३ देखि २५ हजार सम्म । |
| | कृतिम खुट्टा- घुडा मुनिको | ४५ देखि ५० हजार सम्म । |
| अर्थोसिस | गोलिगााठोको KAFO | १८ देखि २० हजार सम्म । |
| | घुडा गोलिगाठोको AFO | ८ हजार ५ सय देखि ९ हजार ५ सय सम्म । |
| | अर्थोपेडिक सुज | ४५ सय देखि ५ हजार सम्म । |
| गमनशीलताका सामग्री | बैशाखी, वाकर | २२ सय देखि २५ सय सम्म । |
| | व्हिलचियर | ३० हजार सम्म । |
| | ट्राईसाईकल | २५ हजार सम्म । |
| | सेतो छडी | ६०० सय सम्म । |
| विकासात्मक सामग्री | विशेष कुर्ची | २५ सय सम्म । |
| | शौच गर्ने कुर्सी | २५ सय देखि ३ हजार सम्म । |
| | उभिने साधन | २ हजार देखि २५सय सम्म । |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

त्यसैगरी सहायक सामग्रीको गुणस्तरका सम्बन्धमा उत्पादन केन्द्रमा गरीएको अवलोकन, केन्द्रका प्रमुख व्यक्तिहरुसँग गरीएको साक्षात्कार तथा अपाङ्‍गता भएका व्यक्तिहरुको अनुभवको आधारमा विश्लेषण गर्दा सहायक सामग्रीको गुणस्तर तथा टिकाउपना त्यसमा प्रयोग भएको कच्चा पदार्थ वा किट, हिडडुल गर्ने बाटो आदिमा निर्भर हुन्छ तरपनि यहाँ निमार्ण गरीएका सहायक सामग्रीहरु सामान्यतया २-३ बर्ष सम्म टिक्न सक्ने तथा सार्वजनिक खरिद ऐन अनुसार टेण्डर प्रक्रियाबाट खरिद गरीएका सहायक सामग्रीहरुको गुणस्तर कम्पनी अनुसार फरक पर्ने भनाई उत्पादन केन्द्रका प्रमुखहरु थियो । केन्द्रबाट सहायक सामग्री बनाउदाँ सकेसम्म गुणस्तरीय सामग्री बनाउने प्रयास गरीने तर कहिले काहीँ कच्चा पदार्थ नै कमसल पर्ने भएका कारण सहायक सामग्रीहरु पनि केही

कमसल नै बन्न जाने कुरा समुदायमा आधारित पूनःस्थापना केन्द्र, विराटनगरका प्रमुखले बताए । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुले पनि कही काहीँ सहायक सामग्रीहरु कमसल खालको पनि पर्न जाने बताए । यसरी सहायक सामग्रीको गुणस्तर सधैं एकैनासको नहुन पनि सक्ने पाइयो ।

**३.४ सहायक सामग्रीको माग र केन्द्रको उत्पादन क्षमताको अवस्था**

दुर्घटना लगायत विभिन्न रोगका कारणले अपाङ्गता भएका व्यक्तिहरुको संङ्ख्यामा दिनप्रतिदिन वृद्धि हुदै गएको पाईन्छ । यसरी अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्यामा वृद्धि भए सँगै सहायक सामग्रीको मागमा पनि वृद्धि हुदै गएको छ । सहायक सामग्रीको माग उत्पादन केन्द्रको क्षमता सम्बन्धी विवरण तालिका ३.४ मा प्रस्तुत गरीएको छ ।

**तालिका ३.४ : सहायक सामग्रीको माग र केन्द्रको उत्पादन क्षमता**

| क्र.स | केन्द्रको नाम | सहायक सामग्रीको नाम | माग (प्रति महिना) | उत्पादन (प्रति महिना) |
|---|---|---|---|---|
| १. | समुदायमा आधारित पुनर्स्थापना केन्द्र, विराटनगर | **१.कृतिम अङ्ग** | | |
| | | क) कृतिम हात | ४ देखि ६ वटा | १ देखि २ वटा |
| | | ख) खुट्टा- घोडा मुनिको | ६ देखि ८ वटा | ३ देखि ४ वटा |
| | | ग) खुट्टा-घोडा माथिको | ३ देखि ४ वटा | १ देखि २ वटा |
| | | **२. व्हीलचियर** | ८ देखि १० वटा | ५ देखि ६ वटा |
| | | **३. बैसाखी** | ३० देखि ४० वटा | २० देखि २५ वटा |
| | | **४. सेतो छडी** | २० देखि २५वटा | १५ देखि २० वटा |
| २. | राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डप | **१.कृतिम अङ्ग** | | |
| | | क) कृतिम हात | १० देखि १२ वटा | ५ देखि ६ वटा |
| | | ख) खुट्टा- घोडा मुनिको | १५ देखि २० वटा | ६ देखि ७ वटा |
| | | ग) खुट्टा-घोडा माथिको | ५ देखि ६ वटा | २ देखि ३ वटा |
| | | **२. व्हीलचियर** | २० देखि २५ वटा | ८ देखि १० वटा |
| | | **३. बैसाखी** | ३० देखि ४० वटा | ५० देखि ६० वटा |
| | | **४. सेतो छडी** | ४० देखि ५० वटा | ६० देखि ७५ वटा |
| ३. | ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखरा | **१.कृतिम अङ्ग** | | |
| | | क) कृतिम हात | ८ देखि १० वटा | २ देखि ३ वटा |
| | | ख) खुट्टा- घोडा मुनिको | ८ देखि १० वटा | २ देखि ३ वटा |
| | | ग) खुट्टा-घोडा माथिको | ३ देखि ४ वटा | १ देखि २ वटा |
| | | **२. व्हीलचियर** | १० देखि १२ वटा | ५ देखि ६ वटा |
| | | **३. बैसाखी** | ५० देखि ६० वटा | २५ देखि ३० वटा |
| | | **४. सेतो छडी** | ५० देखि ६० वटा | ३५ देखि ४० वटा |
| ४. | अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल), कोहलपुर | **१.कृतिम अङ्ग** | | |
| | | क) कृतिम हात | ४ देखि ५ वटा | १ देखि २ वटा |
| | | ख) खुट्टा- घोडा मुनिको | ६ देखि ८ वटा | २ देखि ३ वटा |
| | | ग) खुट्टा-घोडा माथिको | ३ देखि ४ वटा | १ देखि २ वटा |

| | | | | |
|---|---|---|---|---|
| | | **२. व्हीलचियर** | १० देखि १२ वटा | ५ देखि ६ वटा |
| | | **३. बैसाखी** | ३० देखि ४० वटा | १५ देखि २० वटा |
| | | **४. सेतो छडी** | - | - |
| **५.** | **नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुर** | **१.कृतिम अङ्ग** | | |
| | | क) कृतिम हात<br>ख) खुट्टा- घोडा मुनिको<br>ग) खुट्टा-घोडा माथिको | ५ देखि ६ वटा<br>६ देखि ८ वटा<br>३ देखि ४ वटा | २ देखि ३ वटा<br>३ देखि ४ वटा<br>१ देखि २ वटा |
| | | **२. व्हीलचियर** | १० देखि १२ वटा | ५ देखि ६ वटा |
| | | **३. बैसाखी** | ३० देखि ४० वटा | १५ देखि २० वटा |
| | | **४. सेतो छडी** | - | - |

स्रोत :- स्थलगत अध्ययन २०७५ ।

तालिका अनुसार उत्पादन केन्द्रहरुमा सहायक सामग्रीको माग धेरै नै हुने गरेको पाईन्छ । सोही कारण उत्पादन केन्द्रहरुले सहायक सामग्रीको माग आए पछि प्रतिक्षा सूचिमा राखेरै भएपनि सामग्री उपलब्ध गराउदै आएको पाईन्छ । माग अनुसार सहायक सामग्रीको उत्पादन तथा वितरण गर्न केही कठिनाई भएको सर्न्दभमा राष्ट्रिय अपाङ् कोषका सभापतिको भनाई यहाँ प्रस्तुत गरीएको छ :-

*“राष्ट्रिय अपाङ्ग कोष केन्द्रीय राजधानीमा रहेको र सरकारी केन्द्र भएका कारणले पनि सहायक सामग्रीको लागि देशभरबाट माग आउने गरेको गरेको छ । तर केन्द्रको उत्पादन क्षमता कम हुनु, सहायक सामग्री बनाउनको लागि प्राविधिक जनशक्तिको सङ्ख्या थोरै हुनु, अधिकांश कच्चा सामान भारत, जर्मनी लगायत तेस्रो मुलुकबाट आयात गर्नुपर्ने र भनेको समयमा कच्चा पदार्थ उपलब्ध नहुने र उपलब्ध भएपनि ल्याउन समय लाग्ने आदि कारणले माग अनुसार सहायक सामग्रीको उत्पादन र वितरण गर्न सकिएको छैन । तत्काल सम्भवं नभएपनि सहायक सामग्रीको माग गरेको व्यक्तिलाई रित्तो हात घर फर्काएका छैनौं, ढिलै भएपनि सहायक सामग्री उपलब्ध गराएका छौं ।”*

उनले जस्तै अन्य केन्द्रका प्रमुखहरुले पनि सहायक सामग्रीको माग धेरै आउने गरेको कारण तत्काल सम्भव नभएपनि प्रतिक्षा सूचिमा राखेरै भएपनि जसोतसो सम्बन्धित व्यक्तिलाई सहायक सामग्री उपलब्ध गराउदै आएको बताए । यसरी अपाङ्गता भएका व्यक्तिहरुले तत्कालै नभएपनि केही समय प्रतिक्षा सूचिमा बसेरै भएपनि सरकारी सेवा सुविधा तथा निःशुल्क सहायक सामग्री प्राप्त गरेको पाईन्छ ।

### ३.५ सहायक सामग्री वितरणको आधार एवं प्रक्रिया

नेपाल सरकारले सहायक सामग्रीको उत्पादन र वितरण कार्यका लागि ५ वटा केन्द्रहरु निर्धारण गरी वार्षिक रुपमा आर्थिक सहयोग गर्दै आएको छ । ती केन्द्रहरुले सरकारले उपलब्ध गराएको सहयोग रकमले भ्याउँदा सम्म कतिपय सामग्री आफै उत्पादन गरेर त कतिपय सामग्रीहरु टेण्डर मार्फत् खरिद गरी अपाङ्गता भएका व्यक्तिहरुलाई कतिपय सामग्री निःशुल्क त कतिपय सहायक सामग्रीहरु सहुलियत मूल्यमा वितरण गर्दै आएका छन् । अपाङ्गता भएका व्यक्तिहरुले सरकारी सुविधा लिनको लागि महिला

बालबालिका तथा समाजकल्याण मन्त्रालय या सम्बन्धित स्थानीय तहको सिफारिस लिएर आउनु पर्ने व्यवस्था गरेको छ । सहायक सामग्रीको वितरण आधार एवं प्रक्रिया सम्बन्धमा सहायक सामगी उत्पादन तथा वितरण गर्दै आएका केन्द्रको अवलोकन पछि प्राप्त जानकारीलाई यहाँ प्रस्तुत गरीएको छ :-

अपाङ्गता भएका व्यक्तिहरुले सरकारी सुविधा लिनको लागि महिला बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालय या सम्बन्धित स्थानीय तहको सिफारिस लिएर आउनु पर्दछ । त्यसरी सिफारिस सहित आएका व्यक्तिहरुको अपाङ्गताको अवस्था हेरी उनीहरुको लागि कस्तो प्रकारको सहायक सामग्री आवश्यक पर्ने हो पहिचान गरी सोही अनुसार नाप जाँच लिएर यही निमार्ण गरीने सामग्री भए निमार्ण गर्न लगाई वितरण गरीदै आएको तथा सहायक सामग्रीको निमार्णका लागि आवश्यक पर्ने कच्चा पदार्थको अवस्था, सहायक सामग्री बनाउने कामदारको उपलब्धताको अवस्था, सामग्री सेट हुन लाग्ने समय आदिको विश्लेषण गरी ४ देखि १२ हप्ता सम्ममा र तयारी सामान खरिद गरीएका सहायक सामग्रीहरु तत्कालै सिफारिस लिएर आएका व्यक्तिलाई उपलब्ध गराउदै आएको अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँकेका अर्थोपेडिक्स विभागका प्रमुखले बताए । त्यस्तै अर्थोडिक्सका सहायक सामग्रीहरु आफै बनाउने र अन्य सहायक सामग्रीहरु बजारबाट खरिद गरी ल्याई वितरण गरीदै आएको ग्रीनपाश्चर अस्पताल तथा पुनःस्थापना केन्द्र, हरियोखर्क, पोखराले सिफारिस सहित आएका अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरी उपचार गर्ने देखि लिएर बिरामीको १ जना सहयोगलाई खानेबस्ने व्यवस्था, आवश्यकता अनुसार सहायक सामग्रीको मर्मत संम्भार गर्ने काम सम्म निःशुल्क रुपमा गरीदिनु पर्ने भएकाले कहिले काही एउटै व्यक्तिका लागि मात्र लाखौ रुपियाँ खर्च गर्नुपर्ने अवस्था आउने गर्दछ । त्यसकारण धेरै व्यक्तिलाई सुविधा दिन सकियो भनी विरामीको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरी कहिले काही सहुलियत शुल्क लिएर पनि सहायक सामग्री वितरण गर्ने गरीएका, सबै ठाँउमा सुचना नपुगेर हो कि किन हो सेवा सुविधा लिन आउनेमा केन्द्र आसपासका तथा शहरी या सुगम क्षेत्रका नै बढी हुने गरेको केन्द्रका अर्थोपेडिक्स विभाग प्रमुखले बताए । त्यसैगरी सहायक सामग्री वितरण गर्दा विद्यार्थी, जागिर गर्दै गरेको व्यक्ति, काम गरेर परिवार पालिरहेकाहरुलाई प्राथमिकता दिइने गरेको र सहायक सामग्री वितरण गर्नु अगाडि निःशुल्क सहायक सामग्री पाउन योग्य हो कि होइन भनेर सामाजिक, आर्थिक लेखाजोखा (Socio- econonmi Assessment) गरीने र त्यसको लागि A, B, C, D गरी ४ वटा Category छुट्ाईएको र सामाजिक आर्थिक लेखाजोखा गर्दा C र D वर्गमा परेका व्यक्तिहरुलाई सकेसम्म निःशुल्क रुपमा सहायक सामग्री उपलब्ध गराईने र A तथा B वर्गमा परेकाहरुसँग शुल्क लिएर सहायक सामग्री उपलब्ध गराइने भनाई राष्ट्रिय अपाङ्ग कोषका सभापतिको थियो ।

सहायक सामग्रीको वितरण गर्दा अपाङ्गता भएका व्यक्तिहरुको पायक पर्ने स्थान वा पहूँचको अवस्थालाई ध्यान नदिइएकाले त्यति व्यवहारिक नभएको र सहायक सामग्री लिन अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक एवं शाारीरिक रुपमा झन्झटिलो भएकाले सहायक सामग्री वितरण अपाङ्गता भएका व्यक्तिहरुको पायक पर्ने स्थानबाट गर्ने कुरामा सरकारले ध्यान दिनु अति आवश्यक रहेको भनाई

सानैमा पोलियोका कारण एउटा खुट्टा लुलो भई काम नगरेपछि बैसाखीको सहयताले हिडडुल गर्दै आएका ५५ बर्षीय शारीरिक अपाङ्गको रहेकोछ । उनको भनाइलाई यहाँ प्रस्तुत गरीएको छ :-

> *"सरकारले अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क सहायक सामग्रीको वितरण गर्ने भनेको छ । मेरो घर धादिङ्ग जिल्लाको सिद्धलेक गाँउपालिका हो । एउटा बैसाखी लिनको लागि मैले घरदेखि धादिङ्गबेसी हुदै काठमाडौं सम्मको यात्रा तय गर्नु पर्छ । काठमाडौं आएपछि पनि आएकै दिन सामग्री नपाउन सकिन्छ । यदि सामान नपाएमा यही बस्नुपर्छ । सामान प्राप्त भएपछि फेरी काठमाडौं बाट धादिङ्गबेसी हुदै घर सिद्धलेक गा.पा पुग्नु पर्दछ । यस बीचमा मेरो झण्डै १० हजार खर्च हुन्छ । एउटा बैसाखीको मूल्य भनेको २५०० हो । यसरी २५०० को बैसाखी निःशुल्क लिन मैले १० हजार भन्दा बढी खर्च गर्नुपर्दछ । अहिलेको वितरण प्रक्रिया खर्चिलो र झन्झटीलो पनि छ । तसर्थ अपाङ्गता भएका व्यक्तिहरुको सहजताका लागि स्थानीय तहले आफ्नो क्षेत्र भित्रका अपाङ्गता भएका व्यक्तिहरु र तिनको लागि आवश्यक पर्ने सहायक सामग्रीको निर्कोल गरी राष्ट्रिय अपाङ् कोष सँग सहकार्य गरी सम्बन्धित व्यक्तिको स्थायी ठेगानामा नै सहायक सामग्री पुऱ्याउने व्यवस्था मिलाएमा म जस्तै अपाङ्गता भएका धेरै व्यक्तिहरुलाई सहज हुने थियो ।"*

यसरी सहायक सामग्रीको वितरण प्रक्रियालाई हेर्दा सिफारिस आएपछी मात्र प्रक्रिया अगाडि बढाउने र माग गरेको सामान्यता ४ हप्ता र बढीमा १२ हप्ता सम्ममा सम्बन्धित व्यक्तिले सहायक सामग्री प्राप्त गर्न सक्ने देखिन्छ । तर सहायक सामग्री लिनको लागि केन्द्रसम्म ध्याउनु पर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई केही असहज हुने भएकाले उनीहरुको लागि पायक पर्ने स्थानबाट सहायक सामग्री वितरण गर्ने तिर सरोकारवाला निकायहरुले ध्यानदिनु आवश्यक रहेको पाईन्छ ।

### ३.६. सहायक समाग्री उत्पादन र वितरणको वर्तमान अवस्था

अपाङ्गता हुनु मानिसको वश भन्दा बाहिरको कुरा हो । कोही जन्मजातै त कोही जन्मपश्चात विभिन्न कारणले गर्दा अपाङ्गता हुन पुग्दछन् । अपाङ्गता भएका व्यक्तिहरु पनि राष्ट्रका नागरीक भएकाले उनीहरुको दैनिक जीवनलाई सहज बनाउन विभिन्न सेवा सुविधा प्रदान गर्नु राज्यको कर्तव्य पनि हो । अपाङ्गता भएका व्यक्तिहरुकै सहजताका लागि नेपाल सरकारले मासिक भत्ता देखि सहायक सामग्रीको उत्पादन र वितरण गर्ने कार्य आर्थिक सहयोग प्रदान गर्दै आएको छ । पाँच विकास क्षेत्रका १,१ वटा केन्द्रहरु छनोट गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने सहायक सामग्रीको निःशुल्क उत्पादन र वितरणको व्यवस्था मिलाएको छ । अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामग्रीहरु मध्ये शारीरिक पुनःस्थापनाको लागि आवश्यक पर्ने कृत्रिम अङ्गहरु (स्थानीय तथा तेस्रो मुलुकबाट आयात गरीएको कच्चा पदार्थबाट) मात्र नेपालमा बन्ने गरेको पाईन्छ । व्हीलचियर, बैसाखी, सेतो छडी लगायत अन्य सहायक सामग्रीहरु तयारी अवस्था नै तेस्रो मुलुकबाट आयात गरी वितरण गर्दै आएको पाईन्छ । यसै सर्न्दभमा यी उत्पादन केन्द्रको उत्पादन तथा वितरणको अवस्था के कस्तो रहेको छ भन्ने कुरा यहाँ प्रस्तुत गरीएको छ :-

### ३.६.१ समुदायमा आधारित पुनर्स्थापना केन्द्र, सि.वि आर, विराटनगर

विशेष गरेर पूर्वी नेपालका विभिन्न भागमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागि सि.वि आर, विराटनगरलाई केन्द्रको रुपमा छनोट गरी सरकारले आर्थिक सहायता प्रदान गर्दै आएको छ । विगत २ बर्षमा उक्त केन्द्रबाट उत्पादन तथा वितरण भएका सहायक सामग्रीको विवरण यहाँ प्रस्तुत गरीएको छ ।

**क) वितरण गरिएको सहायक सामग्रीको विवरण**

समुदायमा आधारित पुनर्स्थापना केन्द्र, विराटनगरले वितरण गरेको सहायक सामग्रीको विवरण तालिका ३.६.१.१ मा प्रस्तुत गरीएको छ ।

तालिका ३.६.१.१ : सि.वि आर, विराटनगरबाट वितरण गरिएका सहायक सामग्रीको विवरण

| क.स | सहायक सामग्रीको नाम | बार्षिक वितरण सङ्ख्या | |
|---|---|---|---|
| | | २०७३ | २०७४ |
| १ | व्हिलचियर/ट्राईसाईकल | २१ | २५ |
| २ | बैसाखी | ७ | ९ |
| ३ | खुट्टा - घुडा मुनिको प्रोस्थेसिस | १८ | २१ |
| ४ | खुट्टा - घुडामाथिको प्रोस्थेसिस | ६ | ४ |
| ५ | कृतिम हात | १ | १ |
| ६ | KAFO\ AFO \Walking Aids लगायत अन्य | १७ | १९ |
| जम्मा | | ७० | ७९ |

स्रोत :- केन्द्रको अभिलेख ।

समुदायमा आधारित पुनर्स्थापना केन्द्र, विराटनगरबाट २०७३ सालमा व्हिलचियर/ट्राईसाईकल २१ वटा, बैशाखी ७ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी २४ वटा, कृतिम हात १ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशिलका १७ वटा गरी जम्मा ७० वटा सहायक सामग्री वितरण भएको पाईन्छ भने २०७४ सालमा व्हिलचियर/ट्राईसाईकल २५ वटा, बैशाखी ९ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी २५ वटा, कृतिम हात १ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशिलका १९ वटा गरी जम्मा ७९ वटा सहायक सामग्री वितरण भएको पाईन्छ । यसरी यस केन्द्रबाट २०७३ सालमा भन्दा २०७४ सालमा धेरै सहायक सामग्री वितरण भएको पाईन्छ । यसरी वितरण भएका सहायक सामग्रीहरुमा गतिशीलतामा सहयोग पुऱ्याउने सहायक सामग्रीहरु धेरै रहेको पाईन्छ ।

**ख) सेवाग्राहीको लैङ्गिक विवरण**

समुदायमा आधारित पुनर्स्थापना केन्द्र, विराटनगरबाट सेवा लिएका सेवाग्राहीको लैङ्गिक विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.१.२ : सेवाग्राहीको लैङ्गिक विवरण

| लैङ्गिक विवरण | साल | | | |
|---|---|---|---|---|
| | २०७३ | | २०७४ | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| महिला | २४ | ३४.२८ | २७ | ३४.१८ |
| पुरुष | ४६ | ६५.७२ | ५२ | ६५.८२ |
| जम्मा | ७० | १००.०० | ७९ | १००.०० |

स्रोत :- केन्द्रको अभिलेख ।

समुदायमा आधारित पुनर्स्थापना केन्द्र, विराटनगरबाट सेवा लिएका सेवाग्राहीहरु मध्ये २०७३ सालमा महिला ३४.२८ प्रतिशत र पुरुष ६५.७२ प्रतिशत तथा २०७४ सालमा महिला ३४.१८ प्रतिशत र पुरुष ६५.८२ प्रतिशत रहेको पाईन्छ । यसरी यस केन्द्र बाट सेवा लिनेमा महिला भन्दा पुरुषहरु धेरै रहेको पाईन्छ ।

**ग) सेवाग्राहीको उमेरगत विवरण**

समुदायमा आधारित पुनर्स्थापनाकेन्द्र, विराटनगरबाट सेवा लिएका सेवाग्राहीको उमेरगत विवरण यसप्रकार रहेको छ :-

तालिका ३.६.१.३ : सेवाग्राहीको उमेरगत विवरण

| उमेरगत विवरण | साल | | | |
|---|---|---|---|---|
| | २०७३ | | २०७४ | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४ बर्ष सम्म | १३ | १८.४५ | १६ | २०.२५ |
| १५ देखि ५९ बर्ष | ४८ | ६८.०० | ४३ | ६५.८३ |
| ६०+ | ९ | १२.८५ | ११ | १३.९२ |
| जम्मा | ७० | १००.०० | ७९ | १००.०० |

स्रोत :- केन्द्रको अभिलेख ।

सेवाग्राहीको उमेरगत विवरणलाई हेर्दा २०७३ सालमा १४ बर्ष सम्म उमेर समूहका  १८.४५ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका  ६८.०० प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका  १२.८५ प्रतिशत रहेको पाईन्छ । त्यस्तै २०७४ सालमा १४ बर्ष सम्म उमेर समूहका २०.२५ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका  ६५.८३ प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका  १३.९२ प्रतिशत रहेको पाईन्छ । यसरी  सेवा लिनेमा १५ देखि ५९ बर्ष उमेर समूहका व्यक्तिहरु धेरै रहेको पाईन्छ ।

**घ) सेवाग्राहीको जातिगत विवरण**

समुदायमा आधारित पुनर्स्थापना केन्द्र, विराटनगरबाट सेवा लिएका सेवाग्राहीको जातिगत विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.१.४ : सेवाग्राहीको जातिगत विवरण

| **क.स** | **जातजाती** | सेवाग्राहीको सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | **२०७३** | | **२०७४** | |
| | | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| १ | दलित | ११ | १५.७१ | १४ | १७.७२ |
| २ | जनजाति | २२ | ३१.४२ | २४ | ३०.३७ |
| ३ | अन्य | ३७ | ५२.८७ | ४१ | ५१.९१ |
| | जम्मा | ७० | १००.०० | ७९ | १००.०० |

स्रोत :- केन्द्रको अभिलेख ।

सेवाग्राहीको जातिगत विवरणलाई हेर्दा २०७३ सालमा दलित १५.७१ प्रतिशत, जनजाति ३१.४२ प्रतिशत तथा अन्य ५२.८७ प्रतिशत रहेको पाईन्छ । त्यसैगरी २०७३ सालमा दलित १७.७२ प्रतिशत, जनजाति ३०.३७ प्रतिशत तथा अन्य ५१.९१ प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा दलित, जनजाति तथा अन्य गरी सबै समुदायका मानिसहरु रहेको पाईन्छ ।

**ङ) सेवाग्राहीको भौगोलिक विवरण**

पूर्वी नेपालका विभिन्न जिल्लाहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामग्रीहरु सहज रुपमा उपलब्ध गराउने उद्देश्यले सि.वि.आर, विराटनगरलाई सरकारले आर्थिक सहायता उपलब्ध गराउदै आएको छ । यस केन्द्रबाट सेवा लिएका सेवाग्राहीको जिल्लागत विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.१.५ : सेवाग्राहीको जिल्लागत विवरण

| **क.स.** | **भौगोलिक क्षेत्र** | **२०७३** | | **२०७४** | |
|---|---|---|---|---|---|
| | | सेवाग्राही सङ्ख्या | प्रतिशत | सेवाग्राही सङ्ख्या | प्रतिशत |
| १ | हिमाल (ताप्लेजुङ्ग र संखुवासभा) | ४ | ५.७१ | ६ | ७.६० |
| २ | पहाड (इलाम, पाँचथर, धनकुटा र भोजपुर ) | १३ | १८.५७ | १६ | २०.२५ |
| ३ | तराई (मोरङ्ग, सुनसरी, झापा, सप्तरी सिरहा र उदयपुर ) | ५३ | ७५.७२ | ५७ | ७२.१५ |
| जम्मा | | ७० | १००.०० | ७९ | १००.०० |

स्रोत :- केन्द्रको अभिलेख ।

यस केन्द्रबाट पूर्वि नेपालका प्राय सबै जिल्लाका मानिसहरुले सेवा सुविधा लिएको पाईन्छ । यस केन्द्रबाट २०७३ सालमा हिमाली  जिल्लाका ५.७१ प्रतिशत, पहाडी क्षेत्रका १८.५७ प्रतिशत तथा तराई

क्षेत्रका ७५.७२ प्रतिशतले सेवा सुविधा लिएको पाईन्छ । त्यसैगरी २०७४ सालमा हिमाली जिल्लाका ७.६० प्रतिशत, पहाडी क्षेत्रका २०.२५ प्रतिशत तथा तराई क्षेत्रका ७२.१५ प्रतिशतले सेवा सुविधा लिएको पाईन्छ । यसरी हिमाली एवं पहाडी जिल्लाबाट सेवा सुविधा लिनेको सङ्ख्या न्यून रहेको पाईन्छ भने सेवा लिनेमा तराईका जिल्लाका तथा केन्द्र नजिकका मानिसहरु धेरै रहेको पाईन्छ ।

### ३.६.२ राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डप, काठमाडौं

राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डप केन्द्रीय स्तरमा रहेको उत्पादन तथा वितरण केन्द्र हो । यसले मध्य नेपालका विभिन्न भागमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि मात्र नभई समग्र देश भरीकै अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा सुविधा प्रदान गर्दै आएको छ । यो सरकारी स्तरको उत्पादन तथा वितरण केन्द्र पनि हो । यस केन्द्रबाट विगत २ बर्षमा उत्पादन तथा वितरण भएका सहायक सामग्रीको विवरण यहाँ प्रस्तुत गरीएको छ ।

**क) वितरण गरिएका सहायक सामग्री सम्बन्धी विवरण**

राष्ट्रिय अपाङ्गको कोष भृकुटीमण्डप, काठमाडौंबाट उत्पादन तथा वितरण गरिएका सहायक सामग्रीहरुको विवरण तालिका ३.६.२.१ मा प्रस्तुत गरीएको छ ।

तालिका ३.६.२.१ : राष्ट्रिय अपाङ्गको कोषबाट उत्पादन तथा वितरण गरिएका सहायक सामग्रीहरुको विवरण

| क.स | सहायक सामग्रीको नाम | बार्षिक वितरण सङ्ख्या | |
|---|---|---|---|
| | | २०७३ | २०७४ |
| १ | व्हिलचियर/ट्राईसाईकल | १२६ | १३९ |
| २ | बैसाखी | ११३ | ८९ |
| ३ | खुट्टा - घुडा मुनिको प्रोस्थेसिस | १०७ | ३०३ |
| ४ | खुट्टा - घुडामाथिको प्रोस्थेसिस | १८३ | ८७ |
| ५ | कृतिम हात | ६८ | ५९ |
| ६ | KAFO\ AFO \Walking Aids लगायत अन्य | ११३ | ८९ |
| जम्मा | | ५९७ | ८१४ |

स्रोत : राष्ट्रिय अपाङ्गको कोषको अभिलेख ।

राष्ट्रिय अपाङ्गको कोष भृकुटीमण्डप, काठमाडौंबाट २०७३ सालमा व्हिलचियर/ट्राईसाईकल १२६ वटा, बैशाखी ११३ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी २९० वटा, कृतिम हात ६८ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशीलका ११७ वटा गरी जम्मा ५९७ वटा सहायक सामग्री वितरण भएको पाईन्छ भने २०७४ सालमा व्हिलचियर/ट्राईसाईकल १३९ वटा, बैशाखी ८९ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी ३९० वटा, कृतिम हात ५९ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशीलका ८९ वटा गरी जम्मा ८१४ वटा सहायक सामग्री वितरण भएको पाईन्छ । यसरी यस केन्द्रबाट २०७३ सालमा भन्दा २०७४ सालमा धेरै

सहायक सामग्री वितरण भएको पाईन्छ । यसरी वितरण भएका सहायक सामग्रीहरुमा गतिशीलतामा सहयोग पुऱ्याउने सहायक सामग्रीहरु धेरै रहेको पाईन्छ ।

**ख) सेवाग्राहीको लैङ्गिक विवरण**

राष्ट्रिय अपाङ्गको कोष भृकुटीमण्डप, काठमाडौंबाट सेवा लिएका सेवाग्राहीको लैङ्गिक विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.२.२ : सेवाग्राहीको लैङ्गिक विवरण

| लैङ्गिक विवरण | साल | | | |
|---|---|---|---|---|
| | २०७३ | | २०७४ | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| महिला | ६६७ | ३७.४३ | ५९१ | ४१.७७ |
| पुरुष | १११५ | ६२.५७ | ८२४ | ५८.२३ |
| जम्मा | १,७८२ | १००.०० | १,४१५ | १००.०० |

स्रोत : राष्ट्रिय अपाङ्गको कोषको अभिलेख ।

राष्ट्रिय अपाङ्गको कोष भृकुटीमण्डप, काठमाडौंबाट सेवा लिएका सेवाग्राहीहरु मध्ये २०७३ सालमा महिला ३७.४३ प्रतिशत र पुरुष ६२.५७ प्रतिशत तथा २०७४ सालमा महिला ४१.७७ प्रतिशत र पुरुष ५८.२३ प्रतिशत रहेको पाईन्छ । यसरी यस केन्द्र बाट सेवा लिनेमा महिला भन्दा पुरुषहरु धेरै रहेको पाईन्छ ।

**ग) सेवाग्राहीको उमेरगत विवरण**

राष्ट्रिय अपाङ्गको कोष भृकुटीमण्डप, काठमाडौंबाट सेवा लिएका सेवाग्राहीको उमेरगत विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.२.३ : सेवाग्राहीको उमेरगत विवरण

| उमेरगत विवरण | साल | | | |
|---|---|---|---|---|
| | २०७३ | | २०७४ | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४ बर्ष सम्म | ४१० | २३.०० | ११० | १९.९६ |
| १५ देखि ५९ बर्ष | १,०५७ | ५९.३२ | ३३७ | ६१.१७ |
| ६०+ | ३१५ | १७.६८ | १०४ | १८.८७ |
| जम्मा | १,७८२ | १००.०० | ५५१ | १००.०० |

स्रोत : राष्ट्रिय अपाङ्गको कोषको अभिलेख ।

सेवाग्राहीको उमेरगत विवरणलाई हेर्दा २०७३ सालमा १४ बर्ष सम्म उमेर समूहका २३.०० प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ५९.३२ प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका १७.६८ प्रतिशत रहेको पाईन्छ । त्यस्तै २०७४ सालमा १४ बर्ष सम्म उमेर समूहका १९.९६ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ६१.१७ प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका १८.८७ प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा १५ देखि ५९ बर्ष उमेर समूहका व्यक्तिहरु धेरै रहेको पाईन्छ ।

**घ) सेवाग्राहीको जातिगत विवरण**

राष्ट्रिय अपाङ्गको कोष भृकुटीमण्डप, काठमाडौंबाट सेवा लिएका सेवाग्राहीको जातिगत विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.१.४ : सेवाग्राहीको जातिगत विवरण

| क्र.स | जातजाती | सेवाग्राहीको सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | २०७३ | | २०७४ | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | दलित | १७२ | ९.६५ | ४२ | ७.१२ |
| २ | जनजाति | ८४४ | ४७.३६ | २९० | ४९.०६ |
| ३ | अन्य | ७६६ | ४२.९९ | २५९ | ४३.८२ |
| | जम्मा | १,७८२ | १००.०० | ५९१ | १००.०० |

स्रोत : राष्ट्रिय अपाङ्गको कोषको अभिलेख ।

सेवाग्राहीको जातिगत विवरणलाई हेर्दा २०७३ सालमा दलित ९.६५ प्रतिशत, जनजाति ४७.३६ प्रतिशत तथा अन्य ४२.९९ प्रतिशत रहेको पाईन्छ । त्यसैगरी २०७३ सालमा दलित ७.१२ प्रतिशत, जनजाति ४९.०६ प्रतिशत तथा अन्य ४३.८२ प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा दलित,जनजाति तथा अन्य गरी सबै समुदायका मानिसहरु रहेको पाईन्छ ।

**ङ) सेवाग्राहीको भौगोलिक विवरण**

राष्ट्रिय अपाङ्ग कोष भृकुटीमण्डप, काठमाडौं अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने राष्ट्रियस्तरको सरकारी निकाय भएको हुनाले देशभरका नै अपाङ्गता भएका व्यक्तिहरुको लागि सेवा प्रदान गर्दै आएको पाईन्छ । यसकेन्द्रबाट सहायक सामग्री वितरण गर्ने देखि निःशुल्क रुपमा फिजियोथेरापी सेवा समेत प्रदान गर्दै आएको पाईन्छ । त्यसका साथै बेला बेलामा निःशुल्क क्यापहरु पनि संचालन गरी अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा सुविधा प्रदान गर्दै आएको पाईन्छ ।

**३.६.३ ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखरा**

पश्चिम नेपालका विभिन्न जिल्लामा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागि ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापनाकेन्द्र, हरियोखर्क, पोखरालाई केन्द्रको रुपमा छनोट गरी सरकारले आर्थिक सहायता प्रदान गर्दै आएको छ । विगत २ बर्षमा उक्त केन्द्रबाट उत्पादन तथा वितरण भएका सहायक सामग्रीको विवरण यहाँ प्रस्तुत गरीएको छ ।

**क) वितरण गरिएका सहायक सामग्री सम्बन्धी विवरण**

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट वितरण गरीएका सहायक सामग्रीको विवरण तालिका ३.६.३.१ मा प्रस्तुत गरीएको छ ।

तालिका ३.६.३.१ : ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट वितरण गरिएका सहायक सामग्रीको विवरण

| **क्र.स** | **सहायक सामग्रीको नाम** | **बार्षिक वितरण सङ्ख्या** | |
|---|---|---|---|
| | | **२०७३** | **२०७४** |
| १ | व्हिलचियर/ट्राईसाईकल | २९ | ३६ |
| २ | बैशाखी | १२ | १८ |
| ३ | खुट्टा - घुडा मुनिको प्रोस्थेसिस | १० | ८ |
| ४ | खुट्टा - घुडामाथिको प्रोस्थेसिस | ६ | ७ |
| ५ | कृतिम हात | ५ | ३ |
| ६ | KAFO\ AFO \Walking Aids लगायत अन्य | ७ | १३ |
| जम्मा | | ६९ | ८५ |

स्रोत : ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्रको अभिलेख ।

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट २०७३ सालमा व्हिलचियर/ट्राईसाईकल २९ वटा, बैशाखी १२ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी १६ वटा, कृतिम हात ५ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशीलका ७ वटा गरी जम्मा ६९ वटा सहायक सामग्री वितरण भएको पाईन्छ भने २०७४ सालमा व्हिलचियर/ट्राईसाईकल ३६ वटा, बैशाखी १८ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी १५ वटा, कृतिम हात ३ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशीलका १३ वटा गरी जम्मा ८५ वटा सहायक सामग्री वितरण भएको पाईन्छ । यसरी यस केन्द्रबाट २०७३ सालमा भन्दा २०७४ सालमा धेरै सहायक सामग्री वितरण भएको पाईन्छ । यस केन्द्रबाट पनि गमनशीलमा सहयोग पुऱ्याउने सहायक सामग्रीहरु धेरै वितरण भएको पाईन्छ ।

**ख) सेवाग्राहीको लैङ्गिक विवरण**

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट सेवा लिएका सेवाग्राहीको लैङ्गिक विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.३.२ : सेवाग्राहीको लैङ्गिक विवरण

| **क्र.स** | **लैङ्गिक विवरण** | **साल** | | | |
|---|---|---|---|---|---|
| | | **२०७३** | | **२०७४** | |
| | | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| १ | **महिला** | २७ | ३९.१३ | ३१ | ३६.४७ |
| २ | **पुरुष** | ४२ | ६०.८७ | ५४ | ६३.५३ |
| | जम्मा | ६९ | १००.०० | ८५ | १००.०० |

स्रोत : ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्रको अभिलेख ।

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट सेवा लिएका सेवाग्राहीहरु मध्ये २०७३ सालमा महिला ३९.१३ प्रतिशत र पुरुष ६०.८७ प्रतिशत रहेको पाईन्छ भने २०७४

सालमा महिला ३६.४७ प्रतिशत र पुरुष ६३.५३ प्रतिशत रहेको पाईन्छ । यस केन्द्र बाट सेवा लिएका सेवाग्राहीहरु मध्ये महिला भन्दा पुरुषहरु धेरै रहेको पाईन्छ

**ग) सेवाग्राहीको उमेरगत विवरण**

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट सेवा लिएका सेवाग्राहीको उमेरगत विवरण यसप्रकार रहेको छ ।

तालिका ३.६.३.३ : सेवाग्राहीको उमेरगत विवरण

| क्र.स | उमेरगत विवरण | साल | | | |
|---|---|---|---|---|---|
| | | २०७३ | | २०७४ | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १४ बर्ष सम्म | १७ | २४.६३ | १३ | १५.२९ |
| २ | १५ देखि ५९ बर्ष | ४३ | ६२.३३ | ६५ | ७६.४८ |
| ३ | ६० + | ९ | १३.०४ | ७ | ८.२३ |
| | जम्मा | ६९ | १००.०० | ८५ | १००.०० |

स्रोत : ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्रको अभिलेख ।

सेवाग्राहीको उमेरगत विवरणलाई हेर्दा २०७३ सालमा १४ बर्ष सम्म उमेर समूहका २४.६३ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ६२.३३ प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका १३.०४ प्रतिशत रहेको पाईन्छ भने २०७४ सालमा १४ बर्ष सम्म उमेर समूहका १५.२९ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ७६.४८ प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका ८.३२ प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा १५ देखि ५९ बर्ष उमेर समूहका व्यक्तिहरु धेरै रहेको पाईन्छ ।

**घ) सेवाग्राहीको जातिगत विवरण**

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट सेवा लिएका सेवाग्राहीको जातिगत विवरण यसप्रकार रहेको छ :-

तालिका ३.६.३.४ : सेवाग्राहीको जातिगत विवरण

| क्र.स | जातजाती | सेवाग्राहीको सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | २०७३ | | २०७४ | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | दलित | १३ | १८.८४ | ११ | १२.९४ |
| २ | जनजाति | २४ | ३४.७८ | २७ | ३१.७६ |
| ३ | अन्य | ३२ | ४६.३८ | ४८ | ४४.७० |
| | जम्मा | ६९ | १००.०० | ८५ | १००.०० |

स्रोत : ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्रको अभिलेख ।

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापनाकेन्द्र, हरियोखर्क, पोखराबाट सेवा लिएका सेवाग्राहीको जातिगत विवरणलाई हेर्दा २०७३ सालमा दलित १८.८४ प्रतिशत, जनजाति ३४.७८ प्रतिशत तथा अन्य ४६.३८ प्रतिशत रहेको पाईन्छ भने २०७४ सालमा दलित १२.९४ प्रतिशत, जनजाति ३१.७६

प्रतिशत तथा अन्य ४४.७० प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा दलित, जनजाति तथा अन्य समुदायका मानिसहरु सबै रहेको पाईन्छ ।

**ङ) सेवाग्राहीको भौगोलिक विवरण**

पश्चिम नेपालका विभिन्न जिल्लाहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामग्रीहरु सहज रुपमा उपलब्ध गराउने उद्देश्यले ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापनाकेन्द्र, हरियोखर्क, पोखरालाई सरकारले आर्थिक सहायता उपलब्ध गराउदै आएको छ । यस केन्द्र केन्द्रबाट सेवा लिएका सेवाग्राहीको जिल्लागत विवरण यसप्रकर रहेकोछ ।

तालिका ३.६.३.५ : सेवाग्राहीको जिल्लागत विवरण

| **क.स.** | **भौगोलिक क्षेत्र** | **२०७३** | | **२०७४** | |
|---|---|---|---|---|---|
| | | सेवाग्राही सङ्ख्या | प्रतिशत | सेवाग्राही सङ्ख्या | प्रतिशत |
| १ | हिमाल ( मनाङ्ग र मुस्ताङ्ग ) | ६ | ८.७० | ७ | ८.२३ |
| २ | पहाड (कास्की, तनँहू, स्याङ्जा, लमजुङ्ग, पर्वत, म्याग्दी, बागलुङ्ग ) | ६२ | ८९.८६ | ७५ | ८८.२५ |
| ३ | तराई(नवलपरासी ) | १ | १.४४ | ३ | ३.५२ |
| जम्मा | | ६९ | १००.०० | ८५ | १००.०० |

स्रोत : ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्रको अभिलेख ।

ग्रीनपाश्चर अस्पताल तथा पुनर्स्थापना केन्द्र, हरियोखर्क, पोखराबाट पश्चिम नेपालका विभिन्न जिल्लामा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सेवा लिनेको पाईन्छ । यस केन्द्रबाट २०७३ सालमा सेवा लिएका सेवाग्राहीहरु मध्ये हिमाली जिल्लाका ८.७० प्रतिशत, पहाडी जिल्लाका ८९.८६ प्रतिशत तथा तराईका जिल्लाका १.४४ प्रतिशत रहेको पाईन्छ । त्यस्तै २०७४ सालमा हिमाली जिल्लाका ८.२३ प्रतिशत, पहाडी जिल्लाका ८८.२५ प्रतिशत तथा तराईका जिल्लाका ३.५२ प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा कास्की, तनँहू तथा स्याङ्जा लगायत पहाडी जिल्लाका सेवाग्राही सङ्ख्या धेरै रहको पाईन्छ भने मनाङ्ग, मुस्ताङ्ग तथा नवलपरासी जिल्लाका सेवाग्राहीहरुको सङ्ख्या न्यून रहेको पाइछ ।

**३.६.४ अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँके**

नेपालको मध्यपश्चिमका विभिन्न जिल्लामा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागि डेक नेपाल, कोहलपुर लाई केन्द्रको रुपमा छनोट गरी सरकारले आर्थिक सहायता प्रदान गर्दै आएको छ । यस केन्द्रको सहायक सामग्री सम्बन्धि विवरण यसप्रकार रहेको छ ।

**क) वितरण गरिएका सहायक सामग्री सम्बन्धी विवरण**

अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँकेबाट वितरण गरिएका सहायक सामग्री सम्बन्धि विवरण तालिका ३.६.४ मा प्रस्तुत गरीएको छ।

तालिका ३.६.४ : वितरण गरिएका सहायक सामग्रीको विवरण

| क्र.स | सहायक सामग्रीको नाम | बार्षिक वितरण सङ्ख्या | |
|---|---|---|---|
| | | २०७३ | २०७४ |
| १ | व्हिलचियर/ट्राईसाईकल | २२ | २५ |
| २ | बैशाखी | २ | ६ |
| ३ | खुट्टा - घुडा मुनिको प्रोस्थेसिस | ७ | ८ |
| ४ | खुट्टा - घुडामाथिको प्रोस्थेसिस | ६ | ७ |
| ५ | कृतिम हात | १ | - |
| ६ | KAFO\ AFO \Walking Aids लगायत अन्य | ५ | १३ |
| जम्मा | | ४२ | ५९ |

स्रोत : डेक नेपालको अभिलेख।

अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँकेबाट २०७३ सालमा व्हिलचियर/ट्राईसाईकल २२ वटा, बैशाखी २ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी १३ वटा, कृतिम हात १ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशिलका ५ वटा गरी जम्मा ४२ वटा सहायक सामग्री वितरण भएको पाईन्छ भने २०७४ सालमा व्हिलचियर/ट्राईसाईकल २५ वटा, बैशाखी ६ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी १५ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशिलका १३ वटा गरी जम्मा ५९ वटा सहायक सामग्री वितरण भएको पाईन्छ। यसरी यस केन्द्रबाट २०७३ सालमा भन्दा २०७४ सालमा धेरै सहायक सामग्री वितरण भएको पाईन्छ। यसरी वितरण भएका सहायक सामग्रीहरुमा गमनशीलमा सहयोग पुऱ्याउने सहायक सामग्रीहरु धेरै रहेको पनि पाईन्छ।

**ख) सेवाग्राहीको लैङ्गिक विवरण**

अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँकेबाट सेवा लिएका सेवाग्राहीको लैङ्गिक विवरण यसप्रकार रहेको छ।

तालिका ३.६.४.२ : सेवाग्राहीको लैङ्गिक विवरण

| क्र.स | लैङ्गिक विवरण | साल | | | |
|---|---|---|---|---|---|
| | | २०७३ | | २०७४ | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | **महिला** | १४ | ३२.५५ | २१ | ३५.५९ |
| २ | **पुरुष** | २९ | ६७.४५ | ३८ | ६४.४१ |
| | जम्मा | ४३ | १००.०० | ५९ | १००.०० |

स्रोत : डेक नेपालको अभिलेख।

डेक नेपाल बाट सेवा लिएका सेवाग्राहीहरु मध्ये २०७३ सालमा महिला ३२.५५ प्रतिशत र पुरुष ६७.४५ प्रतिशत रहेको पाईन्छ भने २०७४ सालमा महिला ३५.५९ प्रतिशत र पुरुष ६६.४१ प्रतिशत रहेको पाईन्छ। यस केन्द्रबाट सेवा लिएका सेवाग्राहीहरु मध्ये महिला भन्दा पुरुषहरु धेरै रहेको पाईन्छ।

**ग) सेवाग्राहीको उमेरगत विवरण**

अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँकेबाट सेवा लिएका सेवाग्राहीको उमेरगत विवरण यसप्रकार रहेको छ।

तालिका ३.६.४.३ : सेवाग्राहीको उमेरगत विवरण

| क.स | उमेरगत विवरण | साल | | | |
|---|---|---|---|---|---|
| | | २०७३ | | २०७४ | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १४ बर्ष सम्म | ५ | ११.६२ | १२ | २०.३३ |
| २ | १५ देखि ५९ बर्ष | ३७ | ८६.०० | ४५ | ७६.२९ |
| ३ | ६० + | १ | २.३८ | २ | ३.३८ |
| | जम्मा | ४३ | १००.०० | ५९ | १००.०० |

स्रोत : डेक नेपालको अभिलेख।

सेवाग्राहीको उमेरगत विवरणलाई हेर्दा २०७३ सालमा १४ बर्ष सम्म उमेर समूहका ११.६२ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ८६.०० प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका २.३८ प्रतिशत रहेको पाईन्छ भने २०७४ सालमा १४ बर्ष सम्म उमेर समूहका २०.३३ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ७६.२९ प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका ३.३८ प्रतिशत रहेको पाईन्छ। यसरी सेवा लिनेमा १५ देखि ५९ बर्ष उमेर समूहका व्यक्तिहरु धेरै रहेको पाईन्छ।

**घ) सेवाग्राहीको जातिगत विवरण**

अपाङ्ग सशक्तिकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल) कोहलपुर, बाँकेबाट सेवा लिएका सेवाग्राहीको जातिगत विवरण यसप्रकार रहेको छ।

तालिका ३.६.४.४ : सेवाग्राहीको जातिगत विवरण

| क.स | जातजाती | सेवाग्राहीको सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | २०७३ | | २०७४ | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | दलित | ७ | १६.२७ | १७ | २८.८१ |
| २ | जनजाति | १२ | २७.९० | १० | १६.९४ |
| ३ | अन्य | २४ | ५५.८३ | ३२ | ५४.२५ |
| | जम्मा | ४३ | १००.०० | ५९ | १००.०० |

स्रोत : डेक नेपालको अभिलेख।

सेवाग्राहीको जातिगत विवरणलाई हेर्दा २०७३ सालमा दलित १६.२७ प्रतिशत, जनजाति २७.९० प्रतिशत तथा अन्य ५५.८३ प्रतिशत रहेको पाईन्छ भने २०७४ सालमा दलित २८.८१ प्रतिशत,

जनजाति १६.९४ प्रतिशत तथा अन्य ५४.२५ प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा दलितको सङ्ख्या न्यून रहेको पाईन्छ भने अधिकाशं अन्य जातिका रहेको पाईन्छ ।

**ङ) सेवाग्राहीको भौगोलिक विवरण**

मध्य नेपालका विभिन्न जिल्लाहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामग्रीहरु सहज रुपमा उपलब्ध गराउने उद्देश्यले डेक नेपाललाई सरकारले आर्थिक सहायता उपलब्ध गराउदै आएको छ । यस केन्द्रबाट सेवा लिएका सेवाग्राहीको जिल्लागत विवरण यसप्रकार रहेकोछ ।

तालिका ३.६.४.५ : सेवाग्राहीको जिल्लागत विवरण

| क.स. | भौगोलिक क्षेत्र | २०७३ | | २०७४ | |
|---|---|---|---|---|---|
| | | सेवाग्राही सङ्ख्या | प्रतिशत | सेवाग्राही सङ्ख्या | प्रतिशत |
| १ | हिमाल (कालिकोट र डोल्पा) | १ | २.३२ | १ | १.६९ |
| २ | पहाड (प्युठान, सल्यान, दैलेख, जाजरकोट, रोल्पा र रुकुम) | ११ | २५.५८ | १५ | २५.४२ |
| ३ | तराई (बाँके, बर्दिया, दाङ र सुर्खेत ) | ३१ | ७२.१० | ४३ | ७२.८९ |
| जम्मा | | ४३ | १००.०० | ५९ | १००.०० |

स्रोत : डेक नेपालको अभिलेख ।

डेक नेपालबाट २०७३ सालमा सेवा लिएका सेवाग्राहीहरु मध्ये हिमाली जिल्लाका २.३२ प्रतिशत, पहाडी जिल्लाका २५.५८ प्रतिशत तथा तराईका जिल्लाका ७२.१० प्रतिशत रहेको पाईन्छ । त्यस्तै २०७४ सालमा हिमाली जिल्लाका १.६९ प्रतिशत, पहाडी जिल्लाका २५.४२ प्रतिशत तथा तराईका जिल्लाका ७२.८९ प्रतिशत रहेको पाईन्छ । यसरी सेवा लिनेमा बाँके, बर्दिया, दाङ र सुर्खेत जिल्लाका सेवाग्राही सङ्ख्या धेरै रहको पाईन्छ भने हिमाली जिल्ला कालिकोट र डोल्पा तथा पहाडी जिल्लाहरु प्युठान, सल्यान, दैलेख, जाजरकोट, रोल्पा र रुकुम जिल्लाका सेवाग्राहीहरुको सङ्ख्या न्यून रहेको पाइछ । यस केन्द्रबाट सेवा लिएका सेवाग्राहीहरु मध्ये तराईका जिल्लाहरु दाङ्, बाँके तथा बर्दियाका धेरै रहेको पाईन्छ तरपनि हिमाली जिल्ला सम्म नै सेवासुविधा विस्तार भएको पाईन्छ ।

### ३.६.५ नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA), कञ्चनपुर

सुदुरपश्चिमका विभिन्न भागमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागि नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरलाई केन्द्रको रुपमा छनोट गरी सरकारले आर्थिक सहायता प्रदान गर्दै आएको छ । उक्त केन्द्रबाट विगत २ बर्षमा उत्पादन तथा वितरण भएका सहायक सामग्रीको विवरण प्रस्तुत गरीएको छ ।

**क) सहायक सामग्री सम्बन्धी विवरण**

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट वितरण गरिएका सहायक सामग्री सम्बन्धी विवरण तालिका ३.६.५.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.६.५.१ : वितरण गरिएका सहायक सामग्रीको विवरण

| क.स | सहायक सामग्रीको नाम | बार्षिक वितरण सङ्ख्या | |
|---|---|---|---|
| | | २०७३ | २०७४ |
| १ | व्हिलचियर/ट्राईसाईकल | ३६ | ४१ |
| २ | बैसाखी | ११८ | १२७ |
| ३ | खुट्टा - घुडा मुनिको प्रोस्थेसिस | ६९ | ७८ |
| ४ | खुट्टा - घुडामाथिको प्रोस्थेसिस | ७ | १० |
| ५ | कृतिम हात | १३ | १६ |
| ६ | KAFO\ AFO \Walking Aids लगायत अन्य | ९ | ४ |
| जम्मा | | २५२ | २७६ |

स्रोत : NNSWA, कञ्चनपुरको अभिलेख ।

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट २०७३ सालमा व्हिलचियर/ट्राईसाईकल ३६ वटा, बैशाखी ११८ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी ७६ वटा, कृतिम हात १३ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशिलका ९ वटा गरी जम्मा २५२ वटा सहायक सामग्री वितरण भएको पाईन्छ भने २०७४ सालमा व्हिलचियर/ट्राईसाईकल ४१ वटा, बैशाखी १२७ वटा, खुट्टा - घुडा माथिको र घुडा मुनिको गरी ८८ वटा, कृतिम हात १६ वटा तथा KAFO\ AFO \Walking Aids लगायत अन्य गमनशिलका ४ वटा गरी जम्मा २७६ वटा सहायक सामग्री वितरण भएको पाईन्छ । यसरी यस केन्द्रबाट २०७३ सालमा भन्दा २०७४ सालमा धेरै सहायक सामग्री वितरण भएको पाईन्छ । यस केन्द्रबाट वितरण भएका सहायक सामग्रीहरुमा पनि गमनशीलमा सहयोग पुऱ्याउने सहायक सामग्रीहरु धेरै रहेको पनि पाईन्छ ।

**ख) लैङ्गिक विवरण**

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट सेवा लिएका सेवाग्राहीको लैङ्गिक विवरण यसप्रकार रहेको छ :-

तालिका ३.६.५.२ : सेवाग्राहीको लैङ्गिक विवरण

| क.स | लैङ्गिक विवरण | साल | | | |
|---|---|---|---|---|---|
| | | २०७३ | | २०७४ | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | **महिला** | ७९ | ३१.३४ | ८४ | ३०.४३ |
| २ | **पुरुष** | १७३ | ६८.६६ | १९२ | ६९.५७ |
| | जम्मा | २५२ | १००.०० | २७६ | १००.०० |

स्रोत : NNSWA, कञ्चनपुरको अभिलेख ।

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट सेवा लिएका सेवाग्राहीहरु मध्ये २०७३ सालमा महिला ३१.३४ प्रतिशत र पुरुष ६८.६६ प्रतिशत रहेको पाईन्छ भने २०७४ मा महिला ३०.४३ प्रतिशत र पुरुष ६९.५७ प्रतिशत रहेको पाईन्छ। यस केन्द्र बाट सेवा लिएका सेवाग्राहीहरु मध्ये महिला भन्दा पुरुषहरु रहेको पाईन्छ।

**ग) उमेरगत विवरण**

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट सेवा लिएका सेवाग्राहीको उमेरगत विवरण यसप्रकार रहेको छ :-

तालिका ३.६.५.३ : सेवाग्राहीको उमेरगत विवरण

| **क्र.स** | **उमेरगत विवरण** | **साल** | | | |
|---|---|---|---|---|---|
| | | **२०७३** | | **२०७४** | |
| | | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| १ | १४ बर्ष सम्म | १७ | ६.७५ | २४ | ८.७१ |
| २ | १५ देखि ५९ बर्ष | १८९ | ७५.०० | १९८ | ७१.७३ |
| ३ | ६० + | ४६ | १८.२५ | ५४ | १९.५६ |
| | जम्मा | २५२ | १००.०० | २७६ | १००.०० |

स्रोत : NNSWA, कञ्चनपुरको अभिलेख।

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट सेवा लिएका सेवाग्राहीको उमेरगत विवरणलाई हेर्दा २०७३ सालमा १४ बर्ष सम्म उमेर समूहका ६.७५ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ७५.०० प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका १८.२५ प्रतिशत रहेको पाईन्छ भने आर्थिक वर्ष २०७४ सालमा १४ बर्ष सम्म उमेर समूहका ८.७१ प्रतिशत, १५ देखि ५९ बर्ष उमेर समूहका ७१.७३ प्रतिशत तथा ६० वर्ष भन्दा माथिका उमेर समूहका १९.५६ प्रतिशत रहेको पाईन्छ। यसरी सेवा लिनेमा १५ देखि ५९ बर्ष उमेर समूहका व्यक्तिहरु धेरै रहेको पाईन्छ।

**घ) जातिगत विवरण**

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट सेवा लिएका सेवाग्राहीको जातिगत विवरण यसप्रकार रहेको छ :-

तालिका ३.६.५.४ : सेवाग्राहीको जातिगत विवरण

| **क्र.स** | **जातजाती** | **सेवाग्राहीको सङ्ख्या** | | | |
|---|---|---|---|---|---|
| | | **२०७३** | | **२०७४** | |
| | | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| १ | दलित | ३८ | १५.०८ | ४९ | १७.०७ |
| २ | ज्नजाति | ६३ | २५.०० | ७० | २५.२५ |
| ३ | अन्य | १५१ | ५९.९२ | १५७ | ५६.६८ |
| | जम्मा | २५२ | १००.०० | २७६ | १००.०० |

स्रोत : NNSWA, कञ्चनपुरको अभिलेख।

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट २०७३ सालमा दलित १५.०८ प्रतिशत, जनजाति २५.०० प्रतिशत तथा अन्य ५९.९२ प्रतिशत रहेको पाईन्छ भने २०७४ सालमा दलित १७.०७ प्रतिशत, जनजाति २५.२५ प्रतिशत तथा अन्य ५६.६८ प्रतिशत रहेको पाईन्छ रहेको पाईन्छ। यसरी सेवा लिनेमा दलितको सङ्ख्या थोरै र अन्य जातिका सङ्ख्या केही बढी रहेको पाइएतापनि सबै वर्ग र समुदायका मानिसहरुले सेवा लिएको पाईन्छ ।

**ङ) सेवाग्राहीको भौगोलिक विवरण**

सुदुरपश्चिमका विभिन्न जिल्लाहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामग्रीहरु सहज रुपमा उपलब्ध गराउने उद्देश्यले नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरलाई सरकारले आर्थिक सहायता उपलब्ध गराउदै आएको छ । यस केन्द्रबाट सेवा लिएका सेवाग्राहीको जिल्लागत विवरण यसप्रकार रहेकोछ ।

तालिका ३.६.५.५ :सेवाग्राहीको जिल्लागत विवरण

| **क.स.** | **भौगोलिक क्षेत्र** | **२०७३** | | **२०७४** | |
|---|---|---|---|---|---|
| | | सेवाग्राही सङ्ख्या | प्रतिशत | सेवाग्राही सङ्ख्या | प्रतिशत |
| १ | हिमाल | - | - | - | - |
| २ | पहाड (डडेल्लधुरा, बैतडी, डोटी र अछाम ) | ८१ | ३२.१४ | ९२ | ३३.३३ |
| ३ | तराई(बर्दिया, कैलाली र कञ्चनपुर ) | १७१ | ६७.८६ | १८४ | ६६.६७ |
| जम्मा | | २५२ | १००.०० | २७६ | १००.०० |

स्रोत : NNSWA, कञ्चनपुरको अभिलेख ।

नेपाल राष्ट्रिय समाज कल्याण संघ, कञ्चनपुरबाट २०७३ सालमा सेवा लिएका सेवाग्राहीहरु पहाडी जिल्लाका ३२.१४ प्रतिशत तथा तराईका जिल्लाका ६७.८६ प्रतिशत रहेको पाईन्छ । त्यस्तै २०७४ पहाडी जिल्लाका ३३.३३ प्रतिशत तथा तराईका जिल्लाका ६६.६७ प्रतिशत रहेको पाईन्छ। यसरी सेवा लिनेमा बर्दिया, कैलाली तथा कञ्चनपुर जिल्लाका सेवाग्राही सङ्ख्या धेरै रहको पाईन्छ भने डडेल्लधुरा, बैतडी, डोटी र अछाम जिल्लाका सेवाग्राहीहरुको सङ्ख्या केही न्यून रहेको पाइछ। हिमाली जिल्लाका व्यक्तिहरुले यस केन्द्रबाट सेवा लिएको पाइदैन ।

यसरी अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामग्रीको वितरणको अवस्थालाई विश्लेषण गर्दा गमनशीलतासँग सम्बन्धित सहायक सामग्रीहरुको विवरण धेरै भएको, लैङ्गिक रुपमा महिला तथा पुरुष दुवै वर्गले सुविधा लिदै आएको, उमेरगत रुपमा हेर्दा सबै उमेर समूहका व्यक्तिहरुले निःशुल्क सुविधा पाइरहेका, सरकारी सुविधाबाट अन्य वर्गका मात्र नभई दलित तथा जनजातिहरुले पनि समान रुपमा उपभोग गरीरहेका तथा भौगोलिक दृष्टिकोणबाट हेर्दा तराईका जिल्ला तथा सुगम क्षेत्रका मात्र नभई हिमाली जिल्ला तथा दुर्गम क्षेत्रका मानिसहरुले पनि धेरै थोरै

सुविधा उपयोग गरेको पाईन्छ । त्यसैगरी उत्पादन केन्द्रहरुले निःशुल्क परीक्षण, थेरापी, सहायक सामग्रीहरुको मर्मत तथाा बेला बेलामा क्याम्पहरु संञ्चालन गरी अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा सुविधा प्रदान गर्दै आएको पाईन्छ । यसरी सरकारले अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी उत्पादन केन्द्रहरुलाई प्रदान गर्दै आएको आर्थिक सहायता अनुसार अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन तथा वितरण कार्य प्रभावकारी रुपमा नै संञ्चालन हुदै आएको पाईन्छ ।

**३.७ सहायक सामग्री उत्पादन तथा वितरण कार्यलाई दिगो तथा थप प्रभावकारी बनाउने उपयाहरु**

अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी सरकारले अगाडी सारेको अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामग्रीको निःशुल्क उत्पादन र वितरण कार्यक्रम प्रभावकारी नै भएको पाईन्छ । भोलिका दिनमा यस कार्यक्रमलाई कसरी थप प्रभावकारी बनाउन सकिएला भन्ने सम्बन्धमा उत्पादन केन्द्रका प्रमुखहरु तथा अपाङ्गता भएका व्यक्तिहरुबाट प्राप्त विचारलाई विश्लेषण गरी यहाँ प्रस्तुत गरीएको छ ।

**क) भन्सारमा सहजता तथा स्थानीय कच्चा पदार्थको प्रयोगमा जोड**

सहायक सामग्रीको लागि आवश्यक पर्ने धेरै कच्चा पदार्थ विदेशबाट आयात गर्नुपर्ने र कहिले काही लामो समय सम्म सामान भन्सारमा रोकिदाँ उत्पादन कार्यमा समस्या आउने गरेको पाईन्छ । तसर्थ अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामग्री निमार्णमा प्रयोग हुने कच्चा पदार्थहरु विदेशबाट आयात गर्दा सहजै भन्सारपासको व्यवस्था भएको खण्डमा तथा सहायक सामग्रीहरु बनाउदा बढी भन्दा बढी स्थानीय कच्चा पदार्थको प्रयोग गरीएमा सहायक सामग्री उत्पादन र वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

**ख) वितरण प्रक्रिया सरल बनाउने**

हाल उत्पादन केन्द्रबाट नै वितरण हुदै आएका सहायक सामग्री लिनको लागि खर्चिलो र केही झन्झटीलो भएकाले स्थानीय तह भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको विवरण एकिन गरी प्राविधिक टोलीको सहायताले तिनको लागि आवश्यक पर्ने सहायक सामग्रीको पहिचान गरेर उत्पादन केन्द्रहरुसँग समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरुको लागि पायक पर्ने स्थानबाट सहयक सामग्री वितरण गर्ने व्यवस्था मिलाउन स्थानीय तहलाई निर्देशन दिएको खण्डमा सहायक सामग्री वितरण प्रक्रिया अलि व्यवहारिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि केही सहज हुने देखिन्छ भने कार्यक्रम थप प्रभावकारी बन्न सक्दछ ।

**ग) कार्यक्षेत्र तोक्ने**

अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने अधिकांश संघसंस्थाहरु सदरमुकाम तथा शहरी क्षेत्रमा मात्र केन्द्रित रहका र सेवा सुविधा लिनेहरुमा पनि शहरी क्षेत्र तथा केन्द्र आसपासका व्यक्तिहरु धेरै रहेको पाईन्छ । आर्थिक अवस्थाका कारणले पनि केन्द्रसम्म आएर सेवा सुविधा लिन नसकी रहेका दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी अनिवार्य रुपमा ७५ प्रतिशत ग्रामीण क्षेत्रमा काम गर्नुपर्ने र सेवा सुविधा तथा सहायक सामग्री उपलब्ध गराउनु पर्ने गरी उत्पादन केन्द्रको कार्यक्षेत्र निर्धारण गरीदिएको अवस्थामा पनि कार्यक्रम थप प्रभावकारी बन्न सक्दछ ।

**घ) जनचेतनामूलक कार्यक्रमहरु संञ्चालन**

अपाङ्गता भएका व्यक्तिहरुलाई सरकारले प्रदान गर्दै आएको सुविधा बढी भन्दा अपाङ्गता भएका व्यक्तिहरुले पाउने स्थिति बनाउनको लागि लक्षित समुहलाई ध्यानमा राखेर प्रसारप्रसार एवं जानकारीमूलक कार्यक्रमहरु संञ्चालन गरेमा सहायक सामग्री वितरण कार्यलाई थपप्रभावकारी बनाउन सकिन्छ ।

**ङ) लक्षित समूहको पहिचानका लागि पहल**

सरकारले सकेसम्म दुर्गम क्षेत्रका, आर्थिक रुपमा गरीब, विपन्न तथा सुविधाविहीन वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क सहायक सामग्री वितरण गर्ने लक्ष्य राखेको छ । सोही लक्ष्य अनुसार गरीब, विपन्न तथा सुविधाविहीन वर्गको पहिचान गराउने पहल भएमा पनि सहायक सामग्री वितरण गरीएका कार्यक्रम थपप्रभावकारी हुन सक्ने देखिन्छ ।

**च) सरकारी स्तरबाट प्रभावकारी अनुगमन तथा निर्देशन**

सरकारले सहायक सामग्रीको उत्पादन र वितरण कार्यका लागि उत्पादन केन्द्रहरुलाई आर्थिक सहायता मात्र प्रदान नगरी ती केन्द्रहरुमा उत्पादन कार्य कसरी भईरहेको छ, केन्द्रहरुको उत्पादन क्षमता कति, कामदारको अवस्था कस्तो छ, वितरण प्रक्रिया कसरी भईरहेको छ भन्ने कुराको प्रभावकारी रुपमा निरन्तर अनुगमन गर्ने तथा उत्पादन तथा वितरण कार्यमा अनियमित गरेको पाइएमा कारवाहीको व्यवस्था गरेको खण्डमा पनि सहायक सामग्रीको उत्पादन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।

# परिच्छेद - चार

# प्राप्ति, निर्ष्कष र सुझावहरु

अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारीता सम्बन्धि स्थलगत अध्ययनका आधारमा प्राप्त भएका मुख्य प्राप्ति, निश्र्कष तथा सुझावहरुलाई यस अध्यायमा उल्लेख गरीएको छ ।

## ४.१ मुख्य प्राप्तिहरु

अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारीता का मुख्य प्राप्तिहरु यसप्रकार रहेका छन् :-

- लैङ्गिक तथा उमेरगत दृष्टिकोणबाट हेर्दा अपाङ्गता भएका व्यक्तिहरुमध्ये पुरुष ६४.०० प्रतिशत तथा महिला ३६.०० प्रतिशत रहेको पाईन्छ भने ० - १४ बर्ष उमेर समूहका १२.०० प्रतिशत, १५ - ५९ बर्ष उमेर समूहका ६०.०० प्रतिशत तथा ६० बर्ष भन्दा माथिका उमेर समूहका २८.०० प्रतिशत रहेको पाईन्छ । लैङ्गिक दृष्टिकोण बाट हेर्दा महिला भन्दा पुरुषको सङ्ख्या धेरै रहेको तथा उमेरगत दृष्टिकोणबाट हेर्दा १५ - ५९बर्ष उमेर समूह (आर्थिक रुपमा सक्रिय उमेर समुह) को सङ्ख्या (६०.००) धेरै रहेको पाइयो ।
- अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक अवस्था एवं पेशागत स्थितिलाई हेर्दा अध्ययनमा सहभागि मध्ये २०.०० प्रतिशत पूर्ण रुपमा परिवारमा आश्रीत, ५२.०० प्रतिशत व्यापार व्यवसायमा संग्लन, ८.०० प्रतिशत सरकारी सेवामा प्रवेश, ४.०० प्रतिशतले आफ्नो बाजे बराजुको पुर्खौली पेसा तथा सिपलाई नै अंगाल्दै आएको तथा १६.०० प्रतिशतले सडकपेटीमा बसी मागेर आफ्नो दैनिकी गुजारा चलाउदै आएको पाइयो ।
- अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा २०.०० प्रतिशत निरक्षर, ४४.०० प्रतिशत सामन्य लेखपढ गर्न सक्ने वा सामान्य साक्षर, २८.०० प्रतिशतले माध्यमिक तह सम्मको शिक्षा हासिल गरेको तथा ८.०० प्रतिशतको शैक्षिक योग्यता एस.एल.सी र सो भन्दा माथिल्लो रहेको पाइयो ।
- अपाङ्‌गता भएका व्यक्तिहरुलाई सहायक सामग्री अति आवश्यक रहेको र सरकारले गरीब, विपन्न तथा सुविधाविहीन वर्गका अपाङ्‌गता भएका व्यक्तिहरुलाई लक्षित गरी सहायक सामग्री उत्पादन र वितरण कार्यका लागि गर्दै आएको आर्थिक सहायताको सम्बन्धमा ६०.०० प्रतिशतलाई जानकारी भएको र ४०.०० प्रतिशतलाई जानकारी नभएको पाइयो ।
- अध्ययनका क्रममा भेटीएका अपाङ्गता भएका व्यक्तिहरुमध्ये ५२.०० प्रतिशतले सरकारी स्तरबाट निःशुल्क वा सहुलियत मूल्यमा प्राप्त गरेको, २८.०० प्रतिशतले आफ्नै खर्चमा किनेको तथा २०.०० प्रतिशतले अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने अन्य संघ /संस्थाले

प्रदान गरेको सहायक सामग्री प्रयोग गर्दै आएका पाइयो । यसरी अपाङ्गता भएका व्यक्तिहरु मध्ये धेरैले सरकारी स्तरबाट प्राप्त भएका सहायक सामग्रीहरु प्रयोग गर्दै आएको पाईन्छ ।

- सरकारी स्तरबाट प्राप्त भएका सहायक सामग्री प्रयोग गरीरहेको अपाङ्गता भएका व्यक्तिहरुमध्ये ६२ प्रतिशतले स्थानीय तह या मन्त्रालयबाट लेखिदिएको सिफारिसको आधारमा र ३८ प्रतिशतले आफ्नो चिनजानको मानिस भएकाले सहजै प्राप्त भएको बताए भने सम्बन्धित मन्त्रालय या स्थानिय तहको सिफारिस ल्याएमा सुविधा दिनपुर्ने व्यवस्था भएका कारण सोही आधारमा आफुहरुले सहायक सामग्रीको वितरण गर्दै आएको उत्पादन केन्द्रका प्रमुखहरुको भनाई पाइयो । यसरी सहायक सामग्री वितरणको प्रमुख आधारमा सिफारिस पत्र रहेको पाइयो।
- दुर्घटना, रोग लगायत विभिन्न कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्या वृद्धि भईरहेको तथा सहायक सामग्रीहरुको माग दिनप्रतिदिन बढ्दै गएको तर केन्द्रको क्षमता, प्राविधिक जनशक्ति, कच्चापदार्थको आयात आदि कारणले गर्दा तत्काल नभई ढिलै भएपनि सम्बन्धित व्यक्तिलाई सहायक सामग्रीको उपलब्ध गराउदै आएको पाइयो ।
- सहायक सामग्रीको आकार, प्रयोग भएको कच्चा पदार्थ लगायतका कुराहरुले सहायक सामग्रीको मुल्य निर्धारण गर्ने र यसरी निमार्ण गरीएको सामग्री २-३ बर्ष सम्म टिकाउ हुनसक्ने भनाई उत्पादन केन्द्रका प्रमुखहरुको रहेको पाइयो भने सहायक सामग्रीको गुणस्तर तथा टिकाउपनाको सर्न्दभमा अपाङ्गता भएका व्यक्तिहरु पनि सन्तुष्ट रहेको पाइयो ।
- सहायक सामग्रीको वितरण उत्पादन केन्द्रहरुबाट मात्र हुने गरेका कारण दुर्गम तथा आर्थिक रुपमा विपन्न वर्गका मानिसहरुलाई वितरण केन्द्र सम्म पुगेर सुविधा लिन कठिन हुने गरेको पाइयो भने सहायक सामग्रीको लागि उत्पादन केन्द्रसम्म आँउदा थोरै मुल्यको सामानको लागि पनि धेरै खर्च हुने गरेको पाइयो ।
- अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता परिचय पत्रका आधारमा मासिक भत्ता लिने, सरकारी सुविधा लिनु पर्ने ठाँउमा सहुलियत सुविधा लिने तथा सहायक सामग्री प्राप्त गरीरहेका कारण उनहिरुको जीवनयापन तथा दैनिकीमा धेरै नै सहजता आएको पाइयो ।
- विभिन्न उत्पादन केन्द्रबाट सेवा लिएका सेवाग्राहीको लैगिङ्ग विवरण हेर्दा महिला भन्दा पुरुषको सङ्ख्या धेरै पाइयो । त्यस्तै उमेर समुह अनुसार हेर्दा १५-५९ बर्ष उमेर समूहको सङ्ख्या धेरै पाइयो । त्यसैगरी भौगोलिक रुपमा हेर्दा दुर्गम तथा ग्रामीण क्षेत्रका भन्दा सुगम तथा शहरी क्षेत्रका र केन्द्रका आसपासका धेरै रहेका पाइयो ।
- अपाङ्गता भएका व्यक्तिहरुको Data Bsae system मा अभिलेख नभएको कारण एउटै व्यक्तिले एकै प्रकारको सहायक सामग्री एक भन्दा बढी केन्द्रबाट पनि लिने गरेको पाइयो ।
- अपाङ्गगता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाको कार्यक्षेत्र निर्धारण नगरीएकाले अधिकाशं सदरमुकाम तथा शहरी क्षेत्रमा केन्द्रीत रहेका पाइयो ।

● सहायक सामग्री उत्पादन तथा वितरण कार्यलाई थप प्रभावकारी बनाउन भन्सारमा सहजता, स्थानिय कच्चा पदार्थको प्रयोगमा जोड, वितरण प्रक्रिया सहज गरीब, विपन्न तथा सुविधाविहिन वर्गको पहिचान, अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाको कार्यक्षेत्र निर्धारण तथा जनचेतनामूलक कार्यक्रमहरु संञ्चालन गर्न अति आवश्यक रहेको पाइयो ।

## ४.२ निष्कर्ष तथा सुझावहरु

अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारिता सम्बन्धी अध्ययनबाट निकालिएको निर्ष्कष तथा सुझावहरु यसप्रकार रहेको छ :-

**निष्कर्ष**

- अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी अगाडि सारिएको अपाङ्गता सहायता कार्यक्रमको बारेमा धेरै व्यक्तिलाई जानकारी भएको ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री अति आवश्यक रहेको र सहायक सामग्रीको प्राप्ति पछि उनीहरुको दैनिक जीवनयापनमा सहजता आएको ।
- नेपालमा उत्पादन गरी वितरण गरीदै आएका सहायक सामग्रीको गुणस्तर एवं टिकाउपनाको सर्न्दभमा अपाङ्गता भएका व्यक्तिहरु सन्तुष्ट नै रहेको ।
- गरीब, आर्थिक रुपमा विपन्न तथा दुर्गम क्षेत्रका व्यक्तिहरुले पनि सरकारी सुविधा लिदै आएका तर सुविधा लिनेमा दुर्गम तथा ग्रामीण क्षेत्रका भन्दा सुगम तथा शहरी क्षेत्रका र उत्पादन केन्द्रका आसपासका व्यक्तिहरु धेरै रहेका ।
- सहायक सामग्री वितरण गर्दा ग्रामीण तथा दुर्गम क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुलाई पायक पर्ने स्थान वा उनीहरुको पहूँचको स्थितिलाई विचार गरीनु आवश्यक रहेको ।
- विभिन्न कारणले अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्यामा वृद्धि भई सहायक सामग्रीको माग बढे अनुसार सहायक सामग्री उत्पादन गर्न केन्द्रको क्षमता न्यून रहेता पनि माग गरेका सबै व्यक्तिले सहायक सामग्री प्राप्त गरेका ।
- अपाङ्गता भएका व्यक्तिहरुको अभिलेख Data Bsae System मा नभएकाले एउटै व्यक्तिले एकै खालको सहायक सामग्री दुईवटा केन्द्रबाट पनि निःशुल्क लिन सक्ने अवस्था रहेको ।
- सहायक सामग्री वितरण कार्यलाई थप प्रभावकारी बनाउन गरीब, विपन्न तथा सुविधाविहीन वर्गको पहिचान गराईनु अति आवश्यक रहेको ।
- सरकारी स्तरबाट प्रदान गरीएका सहायक सामग्रीहरुको सदुरुपयोग होस् भन्नका लागि सहायक सामग्रीमा सरकारी लोगो वा स्टीकर टाँस गर्नु अति आवश्यक रहेको ।

## ४.३ सुझावहरु

अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारिता सम्बन्धी अध्ययन पश्चात निम्न लिखित सुझावहरु प्रस्तुत गरीएको छ :-

१) विलासीपूर्ण जीवन शैली, दुर्घटना, रोग आदि कारणले अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्यामा वृद्धि भईरहेको कारणले सरकारले पुन:स्थापना केन्द्रहरुको क्षमता विस्तार तथा वर्तमान संघीय संरचना अनुसार ७ वटै प्रदेशमा पुन:स्र्थापना केन्द्र स्थापना पर्ने ।

२) अपाङ्गता भएका व्यक्तिहरुको लागि अगाडी सारिएका कार्यक्रमहरु वास्तविक लक्षित समुह सम्म नै पुग्न पुऱ्याउन अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई अनिवार्य रुपमा ७५ प्रतिशत दुर्गम तथा ग्रामीण क्षेत्रमा काम गर्नुपर्ने नीतिगत व्यवस्था गर्ने ।

३) आर्थिक रुपमा गरीब, विपन्न तथा सुविधाविहीन वर्गको मानिसहरुले बढी भन्दा बढी सुविधा पाउन भन्ने उद्देश्यले गरीब, विपन्न तथा सुविधाविहीन वर्गको पहिचान गराउने कार्यका लागि सरकारी स्तरबाट पहल गर्ने ।

४) सहायक सामग्रीको उत्पादन र वितरण गर्दै आएका केन्द्रहरुलाई अनिवार्य रुपमा Data Bsae System अभिलेख राख्न लगाउने ।

५) अपाङ्गता भएको एउटा व्यक्तिले एकै बर्षमा एउटै खालका सहायक सामग्री एक भन्दा बढी केन्द्रबाट नि:शल्क नलिउन भन्नका लागि अपाङ्गता भएका व्यक्तिहरुको अभिलेख Data Base System मा राखी एक वर्षमा एउटा सहायक सामग्री एक ठाँउबाट मात्र लिन पाउने नीतिगत व्यवस्था गर्ने ।

६) वर्तमान संघीय संरचना अनुसारका सबै स्थानीय तहहरुलाई अपाङ्गताको क्षेत्रमा शीर्षक अनुसार ( सचेतना, सिप विकास तथा सहायक सामग्रीको लागि) बजेट विनियोजन गर्न निर्देशन दिने ।

७) अपाङ्गता भएका व्यक्तिहरुको सहजताका लागि सहायक सामग्री उत्पादन र वितरण गर्ने केन्द्रसँग समन्वय गरी स्थानीय तहबाट नै सहायक सामग्री वितरण गर्ने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई परिपत्र गर्ने ।

८) कृतिम अंङ्ग बनाउने २, ३ जना प्राविधिक कर्मचारीलाई सरकारी कोटामा विदेश पढ्न पठाउने नीतिगत व्यवस्था गर्ने ।

९) सरकारी स्तरबाट वितरण गरीने सहायक सामग्रीहरुमा सरकारी लोगो वा स्टीकर टाँस गर्ने व्यवस्था गर्ने

१०) उत्पादन केन्द्रबाट भईरहेको सहायक सामग्री उत्पादन एवं वितरण कार्यको सरकारी स्तरबाट प्रभावकारी रुपमा अनुगमन गर्ने ।

## सन्दर्भसामग्री


नेपाल अपाङ्ग मानव अधिकार केन्द *(२०७४), **अपाङ्ग आवाज मासिक,*** पूर्णाङ्क १८८, साउन २०७४, जोरपाटी ।

नेपाल सरकार, (२०७३), ***महिला विकास कार्यक्रम बार्षिक प्रगति प्रतिवेदन २०७२/०७३*** : ललितपुर महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग ।

नेपाल सरकार, (२०७३), ***अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका (पहिलो संशोधन) २०७३*** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार काठमाडौं ।

नेपाल सरकार, (२०७४), ***नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तरको अध्ययन*** : ललितपुर महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, राष्ट्रिय अपाङ्ग महासंघ तथा भ्याली रिसर्च ग्रुप, ललितपुर, नेपाल ।

नेपाल सरकार, (२०६३), ***अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३,*** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार काठमाडौं ।

नेपाल सरकार, (२०३९), ***अपाङ्गता संरक्षण तथा कल्याण एने (२०३९***) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार काठमाडौं ।

नेपाल सरकार, (२०७३), ***अपाङ्गता भएका व्यक्तिका लागि शिक्षा नीति २०७३,***

नेपाल सरकार, (२०७४), ***अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४,*** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार काठमाडा

नेपाल सरकार, (२०७३), ***अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३*** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार काठमाडौं ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी (२००६),***अपाङ्गताको सवालमा दिगो विकासका लक्ष्यहरु,*** संयुक्त राष्ट्र संघ ।

नेपाल अपा¨ मानव अधिकार केन्द्र (२०६६), ***अपाङ्गता सम्वन्धि हाते पुस्तिका,*** नेपाल अपा¨ मानव अधिकार केन्द्र काठमाण्डौ ।

पौडेल, सुनिता (२०७२), ***अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक पुनर्स्थापन*** : राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डप,काठमाडौंका सेवाग्राहीहरुको एक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोध, समाजशास्त्र - मानवशास्त्र विभाग, पद्मकन्या क्याम्पस, बागबजार, काठमाडौं ।

# परिशिष्ट : १

## अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन गर्ने संस्थाका प्रमुखहरुका लागि

### अन्तर्वार्ता प्रश्नावली

**परिचय र मन्जुरीनामा**

नमस्ते,

म ........................................................................ **"अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारीता अध्ययन"** को तथ्याङ्क संकलन गर्न आएको छु। यो अध्ययन मोरङ्, काठमाडौं, कास्की, बाँके र कञ्चनपुर गरी ५ वटा जिल्लामा गरिएको छ । यस प्रश्नावलीका लागि करिब ३० मिनेट समय लाग्ने छ । यस अध्ययनको मुख्य उद्देश्य **अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारीता, कार्यदक्षता प्रक्रिया तथा  दिगोपनको खोजी गर्नु** रहेको छ  । यस अध्ययनमा तपाईको सहभागिता स्वेच्छिक हुनेछ । तपाईको यस अध्ययनमा उत्साहपूर्ण सहभागिता हुनेछ भन्ने हामी अपेक्षा गर्दछौं किनकि तपाईका विचारहरु महत्वपूर्ण हुने छन् । यो अन्तर्वार्ता शुरु गर्नु अगाडि म स्विकृतीको लागि यहाँसँग अनुमति लिन चाहन्छु ।

### व्यक्तिगत विवरण

| | |
|---|---|
| १) उत्तरदाताको नाम : | |
| २) संस्थाको नाम : | |
| ३) संस्थाको स्थापना : | |
| ४) जिल्ला : | |
| ५) गाँउपालिका/नगरपालिकाको नाम : | |
| ६) वडा नं : | |
| ७) टोलको नाम : | |
| ८) सर्म्पक नं : | |

१) यस संस्थाले कहिले देखि सहायक सामग्री उत्पादन तथा वितरण गर्ने कार्य गर्दै आएको छ ?

.............................................................................................................................................

.............................................................................................................................................

२) सहायक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ कहाँ बाट ल्याउने गर्नुहुन्छ ?

.............................................................................................................................................

.............................................................................................................................................

३) सहायक सामग्री उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थहरु सहजै रुपमा उपलब्धता हुन्छन् ?
क) सहज रुपमा उपलब्ध हुने ख) सहज रुपमा उपलब्ध नहुने

४) यदी सहज रुपमा उपलब्ध नहुने भए के कस्ता कठिनाई हुने गरेका छन् ?
.........................................................................................................................
.........................................................................................................................

५) यस्ता केन्द्र बाट दैनिक रुपमा कति सहायक सामग्रीहरु उत्पादन हुने गर्दछ
.........................................................................................................................
.........................................................................................................................

६.) दैनिक रुपमा कति सहायक सामग्रीको माग हुने गरेको छ ?
.........................................................................................................................
.........................................................................................................................

७.) यस केन्द्रले माग अनुसार सहायक सामग्रीहरु उत्पादन गर्दै आएको छ ?
क) छ ख) छैन

८.) यदी माग अनुसार उत्पादन हुन नसकेको भए त्यसको कारण के होलान् ?
.........................................................................................................................
.........................................................................................................................

८). अपाङ्गता भएका धेरै व्यक्तिहरुले सहायक सामग्री नपाएको जुनासो छ त्यसको कारण के होला ?
.........................................................................................................................
.........................................................................................................................

१०) सामान्यतया माग गरेको कति समयमा तपाईहरुले साहयक सामग्रीहरु उपलब्ध गराउनु हुन्छ ?
.........................................................................................................................
.........................................................................................................................

११) सहायक सामग्री उत्पादन गर्नको लागि आवश्यक पर्ने दक्ष जनशक्ति सहजै उपलब्ध हुन्छन् ?
.........................................................................................................................
.........................................................................................................................

१२) यस केन्द्रबाट उत्पादन भएका सहायक सामग्रीहरु के का आधारमा वितरण गर्ने गर्नु हुन्छ ?
.........................................................................................................................
.........................................................................................................................

१३). यस्ता सहायक सामग्रीहरु निःशुल्क वितरण गर्नुहुन्छ कि शुल्क लिने गर्नु भएको छ ?

क) निःशुल्क वितरण ख) सहुलियत दरमा वितरण ग) पुरा शुल्क लिएर वितरण

१४ ) यदी शुल्क लिने भए सरकारले त अति गरिब, गरिब तथा सिमान्तकृत वर्गलाई निःशुल्क सहायक सामग्रीहरु वितरण गर्ने व्यवस्था गरेको छ नि ?
.........................................................................................................................
.........................................................................................................................

१५) सरकारले गरेको लगानी अनुसार सहायक सामग्रीको उत्पादन भई अपाङ्गता भएका सबै व्यक्तिले सहायक सामग्री पाएका छन् ?

क) छन्                                        ख) छैन्

१६) यदी नपाएको भए त्यसको कारण के होलान् ?

..........................................................................................................................................

..........................................................................................................................................

१७ सामान्यतया एउटा सहायक सामग्री उत्पादन गर्न कति खर्च /लागत लाग्ने गर्दछ ?

..........................................................................................................................................

..........................................................................................................................................

१८) सहायक सामग्रीहरु कति समय टिक्ने गर्दछन् ?

..........................................................................................................................................

..........................................................................................................................................

१९.) लागत अनुसार सहायक सामग्रीहरु त्यति बलिया र गुणस्तरीय भएनन् भनेर कत्तिको गुनासो आउने गरेको छ ?

क) अहिले सम्म गुनासो आएको छैन     ख) कहिले काही आउने गरेको छ

२०.) यस केन्द्रबाट उत्पादन भएका सबै प्रकारका सहायक सामग्रीहरु अर्को अर्को पटक पनि सहजै उपलब्ध हुन सक्छ ?

क) सहजै उपलब्ध हुन सक्छ ?                ख) कहिले काही उपलब्ध नहुन सक्छ ?

२१.) यदी सहजै उपलब्ध हुन नसक्ने भए त्यसका कारण के होलान् ?

..........................................................................................................................................

..........................................................................................................................................

२२.) सहायक सामग्रीको उत्पादन र वितरण कार्यलाई प्रभवकारी बनाउन स्थानियस्तरबाट पनि सहयोग प्राप्त भएको छ ?

क) छ                                        ख) छैन

२३.) यदी सहयोग प्राप्त भएको भए के के सहयोग प्रात भएका छन् ?

..........................................................................................................................................

..........................................................................................................................................

२४) यस केन्द्रले सहायक सामग्रीको उत्पादन र वितरण गर्दा के कस्ता समस्याहरु भोग्नु परेको छ ?

..........................................................................................................................................

..........................................................................................................................................

२५) तपाईको विचारमा ति समस्याको समाधान गरी सहायक सामग्री उत्पादन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन के के गर्नु पर्ला ?

..........................................................................................................................................

..........................................................................................................................................

उत्पादन केन्द्रको नाम :                                                                                    साल :

<table>
<tr><th rowspan="3">क्र.स</th><th rowspan="3">सहायक सामग्रीको नाम</th><th rowspan="3">उत्पादन सङ्ख्या</th><th colspan="12">वितरण गरिएको सङ्ख्या</th></tr>
<tr><th colspan="3">लिङ्ग</th><th colspan="3">उमेर समुह</th><th colspan="3">भौगोलिक आधारमा</th><th colspan="3">जातजाति</th></tr>
<tr><th>म</th><th>पु</th><th>जम्मा</th><th>१५बर्ष सम्मका</th><th>१५-५९बर्ष</th><th>६०+</th><th>हिमाली जिल्ला)</th><th>पहाडी जिल्ला</th><th>तराई जिल्ला</th><th>दलित</th><th>जनजाति</th><th>अन्य</th></tr>
<tr><td rowspan="4">१</td><td>कुहिनो भन्दा माथिको कृतिम हात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कुहिनो भन्दा मुनिको कृतिम हात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कृतिम खुट्टा - घुडा माथिको</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कृतिमखुट्टा-घुडा मुनिको</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>गोलिगााठोको KAFO</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>घुडागोलिगाठोको AFO</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>अर्थोपेडिक सुज</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>बैशाखी, वाकर</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td>व्हिलचियर</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td>ट्राईसाईकल</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>सेतो छडी</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>विशेष कुर्ची</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>शौच गर्ने कुर्सी</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

# परिशिष्ट : २

## अपाङ्गता भएका व्यक्तिहरुको लागि

### अन्तर्वार्ता प्रश्नावली

**परिचय र मन्जुरीनामा**

नमस्ते,

म ...................................................................... **"अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारीता अध्ययन"** को तथ्याङ्क संकलन गर्न आएको छु। यो अध्ययन मोरङ्, काठमाडौं, कास्की, बाँके र कञ्चनपुर गरी ५ वटा जिल्लामा गरिएको छ । यस प्रश्नावलीका लागि करिब ३० मिनेट समय लाग्ने छ । यस अध्ययनको मुख्य उद्देश्य **अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री उत्पादन र वितरणको प्रभावकारीता, कार्यदक्षता प्रक्रिया तथा दिगोपनको खोजी गर्नु** रहेको छ । यस अध्ययनमा तपाईको सहभागिता स्वेच्छिक हुनेछ । तपाईको यस अध्ययनमा उत्साहपूर्ण सहभागिता हुनेछ भन्ने हामी अपेक्षा गर्दछौं किनकि तपाईका विचारहरु महत्वपूर्ण हुने छन् । यो अन्तर्वार्ता शुरु गर्नु अगाडि म स्विकृतीको लागि यहाँसँग अनुमति लिन चाहन्छु ।

### व्यक्तिगत विवरण

| | |
|---|---|
| १) उत्तरदाताको नाम : | |
| २) जिल्ला : | |
| ३) गाँउपालिका/नगरपालिकाको नाम : | |
| ४) वडा नं : | |
| ५) टोलको नाम : | |
| ६) लिङ्ग: | |
| ७) वर्ष : | |
| ८) फोन नं : | |
| ९) अपाङ्गताको प्रकार : | क) पूर्ण अपाङ्ग<br>ख) अति अशक्त<br>ग) मध्यम अपाङ्ग<br>घ) सामान्य अपाङ्ग |

१. पारिवारीक विवरण :-

| क.स | नाम | उमेर | लिङ्ग | शिक्षा | पेसा/आम्दानीको स्रोत | भाषा | धर्म | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

२). तपाई के सम्बन्धि अपाङ्ग हुनुहुन्छ ?

..............................................................................................................................

..............................................................................................................................

३). तपाई जन्मजात रुपमै अपाङ्ग हुनुभएको हो कि ? जन्म पछाडी ?

..............................................................................................................................

..............................................................................................................................

४) यदी जन्म पछाडी अपाङ्ग हुनुभएको भए के कारण अपाङ्ग हुनु भयो ?

..............................................................................................................................

..............................................................................................................................

५) अपाङ्ग भएको कति समय भयो ?

..............................................................................................................................

..............................................................................................................................

६). तपाईसँग अपाङ्गताको परिचय पत्र पनि छ ?

क) छ　　　　ख) छैन

७) यदी छ भने कस्तो रङ्को छ ?

क) रातो कार्ड　　　　ख) निलो कार्ड

ग) पहेलो कार्ड　　　　घ) सेतो कार्ड

८) तपाईले सरकारी स्तरबाट के के सुविधा पाउनु भएको छ ?

..............................................................................................................................

..............................................................................................................................

९) अन्य संघ संस्थाले पनि तपाईलाई  सहयोग गर्दै आएका छन् ?

क) छन्                                        ख) छैनन्

१०) यदी छन् के के कुरामा सहयोग गर्दै आएका छन् ?

| सहयोग गर्ने संघ/ संस्था नाम | सहयोगको प्रकार |
|---|---|
| | |
| | |
| | |

११) सरकारले अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक पर्ने सहायक सामग्रीहरु निःशुल्क उत्पादन तथा वितरण गर्दै आएको कुरा तपाईलाई थाहा छ ?

क) थाहा छ                                        ख) थाहा छैन

१२) तपाईले प्रयोग गरिरहनु भएको सहायक सामग्री कहाँ बाट प्राप्त गर्नु भएको हो ?

क) आफ्नै खर्चमा किनेको                    ख) सरकारी स्तरबाट निःशुल्क प्राप्त भएको

ग) अन्य संस्थाले प्रदान गरेको ।

१३) यदी अन्य संघ/ संस्थाहरुले उपलब्ध गराएको भए उनीहरुले के को आधारमा यस्ता सहायक सामग्रीको वितरण गर्ने गर्दछन् ?

..........................................................................................................................................

..........................................................................................................................................

१४. तपाईले सरकारी स्तरबाट वितरण गरिएको के के सहायक सामग्री पाउनु भएको छ ?

..........................................................................................................................................

..........................................................................................................................................

१५)  यदी पाउनु भएको भए के का आधारमा पाउनु भयो ?

क) अपाङ्गताको गम्भिरताको आधारमा     ख) चिनजान वा पहूँचको आधारमा

ग) निवेदन दिएको आधारमा  ।

१६.) यदी नपाउनु भएको भए त्यसको कारण के होला ?

क) सामाग्रीको लागि निवेदन नदिएर       ख) आफ्नो चिनजान नभएर वा पहूँच नभएर

ग) सरकारले निशुल्क वितरण गर्ने कुरा थाहा नपाएर   ।

१७) तपाई जस्तै अपाङ्गता भएका सबै व्यक्तिले सहायक सामग्री पाएका छन् त ?

क) सबैले पाएका छन्             ख) केहीले पाएको छन्             ग) पाएका छैनन्

१८) यदी सहज रुपमा प्राप्त गर्न नसकिने भए के कस्ता कठिनाईहरु भोग्नु पर्दछ ?

..........................................................................................................................................

..........................................................................................................................................

१९). सरकारले वितरण गर्ने सहायक सामग्रीहरु कत्तिका  बलिया र टिकाउ हुने गर्दछन् ?

..........................................................................................................................................

..........................................................................................................................................

२०) यहाँहरुले एकपटक प्रयोग गर्नु भएको सहायक सामग्री  अर्कोपटक पनि सहजै पाउन सक्नुहुन्छ ?

क)  सहजै पाउन सकिन्छ ।                                   ख) सहजै पाउन सकिदैन ।

२१) यदी सहजै उपलब्ध हुन नसक्ने भए त्यसका कारण के होलान् ?

………………………………………………………………………………………………………………

………………………………………………………………………………………………………………

२२) सहायक सामग्री पाउनु भन्दा अगाडी र अहिले  तपाईको दैनिकीमा केही परिर्वतन आएको छ ?

………………………………………………………………………………………………………………

………………………………………………………………………………………………………………

२३) आफ्नो दैनिकीलाई सहज बनाउन सरकारी स्तरबाट के कस्तो सहयोगको अपेक्षा गर्नु भएको छ ?

………………………………………………………………………………………………………………

………………………………………………………………………………………………………………

**धन्यवाद**

# परिशिष्ट : ३

## शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि  आवश्यक पर्ने सहायक सामग्रीहरुको विवरण

| | **सहायक सामग्रीको नाम** |
|---|---|
| प्रोस्थेसिस | कुहिनो भन्दा माथिको कृतिम हात |
| | कुहिनो भन्दा मुनिको कृतिम हात |
| | कृतिम खुट्टा-घुडा माथिको |
| | कृतिम खुट्टा- घुडा मुनिको |
| अर्थोसिस | गोलिगााठोको KAFO |
| | घुडा गोलिगाठोको AFO |
| | अर्थोपेडिक सुज |
| गमनसिलताका सामग्री | बैशाखी, वाकर |
| | व्हिलचियर |
| | ट्राईसाईकल |
| | सेतो छडी |
| विकासात्मक सामग्री | विशेष कुर्ची |
| | शौच गर्ने कुर्सी |
| | उभिने साधन |